# लेखापरीक्षण प्रतिवेदन

# लालीगुराँस नगरपालिका, तेह्रथुम

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# लालीगुराँस नगरपालिका, तेह्रथुम

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

**स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश**

**काठमाडौं**


प.सं.:2082/83 मिति : २०८३-२-५

च.न :APPROVED/FAR/2081-82/LOC/571

श्रीमान् नगरप्रमुखज्यू,

लालीगुराँस नगरपालिका,

नगरकार्यपालिकाको कार्यालय,

तेह्रथुम ।

**विषय - लेखापरीक्षण प्रतिवेदन।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( श्रीकुमार राई )

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-२-५
च.न :APPROVED/FAR/2081-82/LOC/571

श्रीमान् नगरप्रमुखज्यू,
लालीगुँरास नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय
तेह्रथुम ।

**विषयः लेखापरीक्षण प्रतिवेदन ।**

## १. कैफियत सहितको राय

हामीले तहाँ नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१.महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तिय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तिय विवरणमाअन्तरसरकारी अख्तियारीको कारोबार समावेश गरेको छैन।

२.२. नगरपालिकाको आय-व्यय समेत रु.१ अर्ब ९६ करोड ४२ लाख ५ हजारको लेखापरीक्षण गर्दा रु.१ करोड १७ लाख ५४ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोले असुल गर्नुपर्ने रु.११ लाख ८३ हजार,प्रमाण कागजात पेस गर्नुपर्ने रू.६० लाख ३४ हजार, नियमित गर्नुपर्ने रु.२९ लाख ७७ हजार र पेश्की बाँकी रु.१५ लाख ६० हजार गरी जम्मा रु.१ करोड १७ लाख ५४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु.१ करोड ९९ लाख ६४ हजार मध्ये रु.४० लाख ८८ हजार फर्स्यौट भई यसवर्षको थपसमेतहालसम्म अद्यावधिक बेरुजू रु.२ करोड ७६ लाख ३० हजार बाकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन,विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेकाछन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्वेश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

( श्रीकुमार राई )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | सम्परीक्षणबाट फछ्र्यौट | | | सम्परीक्षण बाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५३ | ४४ | १,१७,५४,०८६ | ० | ० | ० | ० | ५३ | ४४ | १,१७,५४,०८६ | ११,८३,२८७ | २९,७६,९८४ | ६०,३३,८१५ | ० | ० | ९०,१०,७९९ | १५,६०,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तेह्रथुम | १,९९,६३,९८५ | ० | ४०,८८,१३३ | १,५८,७५,८५२ | ० | १,१७,५४,०८६ | २,७६,२९,९३८ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | **गत विगत आर्थिक वर्षको सम्परीक्षण बिवरण** | | | |
| १ | २०८०/८१ | ३८ | शीर्षक फरक पारी खर्च | ८,३६,०१४ |
| २ | २०८०/८१ | ३२ | नमुना विद्यालय | १५,००,००० |
| ३ | २०८०/८१ | ४४ | खोज अनुसन्धान | २,४९,५६६ |
| ४ | २०७९/८० | ४२ | शैक्षिक तथा व्यवस्थापकीय योजना | १५,०२,५५३ |
| जम्मा | | | | ४०,८८,१३३ |

# लालीगुराँस नगरपालिका, तेह्रथुम

# ( ८०१०५४०२३०० )

# लालीगुराँस नगरपालिका , तेह्रथुम

# परिचय

१

**(क) कार्यालय परिचय** - स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ९०.२७ वर्ग किलोमिटर तथा १५,३२९ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य** - लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि** - यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।९ देखि २०८२।५।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा** - लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति** - कार्यालयको अन्य कारोबारतर्फ रु. १ अर्ब ९६ करोड ४२ लाख ५ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.७,३५,४७३।- असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| क्र.सं. | भौचर मिति | बिषय | रकम |
|---|---|---|---|
| १ | २०८२।०५।३० | दैनिक भ्रमण भत्तामा बढी भुक्तानी वापत | ५६,३९५।- |
| २ | २०८२।०५।३० | शिक्षक प्रोत्साहन वापत | ९८,३००।- |
| ३ | २०८२।०५।३० | आयकर वापत | ३२,४३०।- |
| ४ | २०८२।०५।३० | अपाङ्गताको रोकथाम तथा पुन: स्थापनामा बढी भुक्तानी वापत | १०,७५०।- |
| ५ | २०८२।०५।३० | कार्यसम्पादन मूल्यांकन भत्ता | १५,२२०।- |
| ६ | २०८२।०५।३० | शिक्षकको बढी ग्रेड भुक्तानी | १२,३७८।- |
| ७ | २०८२।०५।३० | शिक्षक प्रोत्साहन भत्ता | ५,१०,०००।- |
| जम्मा | | | ७,३५,४७३।- |

२

पालिकाको आर्थिक वर्ष २०८१।८२ को एकिकृत आर्थिक वित्तीय विवरण निम्नानुसार छन ।

| लालिगुँरास नगरपालिका | | | | | |
|---|---|---|---|---|---|
| एकिकृत आय व्यय विवरण | | | | | |
| आर्थिक बर्ष २०८१।८२ | | | | | |
| प्राप्ति | | | भुक्तानी | | |
| विवरण | रकम | रकम | विवरण | रकम | रकम |
| सुरु मौज्दात | | ४९४२८७२८.२४ | चालु खर्च | | ३०४२५२३१३.१० |
| १.संचित कोष | ३६११३९२२.४७ | | १.पालिका तर्फ | १०५२१८९३०.९० | |
| २.धरौटी | ५९२१०६१.५५ | | २.संघीय सशर्त | १९६६९१९९५.२० | |
| ३.कार्यसञ्चालन कोष | ७३५३८३३.२२ | | ३.संघीय विशेष | | |
| ४.स्थानीय तह बिभाज्य कोष खाता | ३९९११.०० | | ४.प्रदेश सशर्त | २३४१३८७.०० | |
| यस बर्षको आय | | | ५.प्रदेश विशेष | | |
| १.आन्तरिक आय | १४३१४९२१.५० | १४३१४९२१.५० | पुँजीगत खर्च | | १२७५५९२०४.३९ |
| २.वित्तीय हस्तान्तरण(संघ) | | ३७७६१८४५४.५७ | १.पालिका तर्फ | ६८७४८५७५.०० | |
| क) समानीकरण अनुदान | ७५२४३२००.०० | | २.संघीय सशर्त | २८०४११५०.३९ | |
| ख) राजस्व बाँडफाँट | ६८२०५२२४.९२ | | ३.संघीय विशेष | | |
| ग) सशर्त अनुदान | २२४७३३१४५.५९ | | ४.संघीय समपुरक | ८४१५५५९.०० | |
| घ) समपुरक अनुदान | ८४१५५५९.०० | | ५.प्रदेश सशर्त | ९३५३९२०.०० | |
| च) रोयल्टी | २४३१३.४६ | | ७.प्रदेश समपुरक | १३००००००.०० | |
| छ) घरजग्गा रजिस्ट्रेशन दस्तुर | ९९७०११.६० | | अन्तर सरकारी अख्तियारी(संघ) | | |
| ३.वित्तीय हस्तान्तरण(प्रदेश) | | ३३५८८२१०.४८ | क) सामाजिक सुरक्षा | ७३८७५९५४.३४ | ७३८७५९५४.३४ |
| क) समानीकरण अनुदान | ४८७२०००.०० | | ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २०३६२४६९.०० | २०३६२४६९.०० |
| ख) रावस्व बाँडफाँट | ४०२०९०३.४८ | | ग) विद्यालय शिक्षा क्षेत्र योजना | | |
| ग) सशर्त अनुदान | ११६९५३०७.०० | | घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | |
| घ) समपुरक अनुदान | १३००००००.०० | | धरोटी फिर्ता तथा सदर स्याहा | ९४४९९२.०० | ९४४९९२.०० |
| ङ) विशेष अनुदान | | | कार्य संचालन कोषबाट भएको खर्च | | २०१०६१०९.०० |
| च) रोयल्टी | | | क) विविध खर्च खाता | १६७८६९३४.०० | |
| छ) अन्य | | | ख) विविध कोष खाता | ३३१९१७५.०० | |
| | | | ८.स्थानीय प्रकोप ब्यवस्थापन कोष खाता | ७३९३८२.०० | ७३९३८२.०० |
| ४.अन्तर सरकारी अख्तियारी (संघ) | | ९४२३८४२३.३४ | | | |
| क) सामाजिक सुरक्षा | ७३८७५९५४.३४ | | अन्तिम मौज्दात | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ख) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | २०३६२४९६.०० | | १.संचित कोष मौज्दात | २९८०१३५७.५३ | २९८०१३५७.५३ |
| ग) विद्यालय शिक्षा क्षेत्र योजना | | | २.धरौटी | ८९२४५५९.५५ | ८९२४५५९.५५ |
| घ) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | | ३.कार्य संचालन कोष | | ११४४७०३०.०५ |
| ५.अन्तर सरकारी अख्तियारी (प्रदेश) | | | क) विविध खर्च खाता | ७७९७५५५.०५ | |
| ६.धरौटी आय | ३९२८४९०.०० | ३९२८४९०.०० | ख) विविध कोष खाता | २७९४५१६.०० | |
| ७.कार्य संचालन कोष | | २३८७११४२.८३ | ४.स्थानीय तह बिभाज्य कोष खाता | ३९९११.०० | |
| क) विविध खर्च खाता | २१३१७५४२.८३ | | ५.स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ८१५०४८.०० | |
| ख) विविध कोष खाता | २५५३६००.०० | | | | |
| ८.स्थानीय प्रकोप ब्यवस्थापन कोष खाता | १०२५०००.०० | १०२५०००.०० | | | |
| ९.विभाज्य कोष | | | | | |
| जम्मा | | ५९८०१३३७०.९६ | जम्मा | | ५९८०१३३७०.९६ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

वित्तीय विवरणको सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

३.१ सुत्र प्रणालीवाट सिर्जना भएको मलेपफानं २७० अनुसार प्राप्ति र भुक्तानीको एकिकृत बार्षिक प्रतिवेदन ( बजेट र गैरवजेट निकाय) निम्नानुसार छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **कर लगायतको दायित्व** - कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७९ को दफा ५७ मा कार्यालयले विनियोजन राजश्व धरौटी तथा अन्य कारोबारको लेखा तोकिएको लेखा सिद्धान्त आधार र ढाँचामा राख्नु पर्ने व्यवस्था छ । सुत्र प्रणालीवा सिर्जना भएको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार वर्षान्तमा कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी दायित्व रु.१३,२७७।- रहेको देखिन्छ । बाँकी दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला गरेको पाइएन । पालिकाले दायित्व रकम यकिन गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,२७७ |

३.३ **ऋणात्मक संचित कोष** – सुत्र प्रणालीको संक्षिप्त प्रतिवेदन अनुसार संचित कोषमा रु.४६,१६,१५,५०९।०२ प्राप्त गरी रु.४७,०३,६१,२३०।८६ ट्रान्सफर खर्च गरेको र मौज्दात रु.८७,४५,७२१।८४ ऋणात्मक रहेकोले आम्दानी भन्दा बढी खर्च गरेको पाईयो ।

४ **आन्तरिक नियन्त्रण**

नगरपालिकाको आन्तरिक नियन्त्रण सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छनः

४.१ **आन्तरिक लेखापरीक्षण** –आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्ने व्यवस्था छ । कोष तथा लेखा नियन्त्रक कार्यालय तेह्रथुम कार्यालयले अन्तरसरकारी अख्तियारीबाट प्राप्त अनुदानको तर्फको आन्तरीक लेखापरीक्षण गरेपनि पालिका तर्फको आम्दानी खर्चको आन्तरीक लेखापरीक्षण भएको छैन। निर्देशिका अनुसार कोष तथा लेखा नियन्त्रक कार्यलयले त्रैमासिक रुपमा लेखापरीक्षण गरी त्रैमासिक रुपमा प्रतिवेदन नदिई आर्थिक वर्ष समाप्ति पश्चात लेखापरीक्षण गरी प्रतिवेदन जारी गरेकोले निर्देशिका अनुसार आन्तरीक लेखापरीक्षण गरी प्रतिवेदन दिने तर्फ ध्यान जानुपर्दछ ।

४.२ **आन्तरिक लेखापरीक्षण शाखा** : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था अनुरुप आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षकको पदपूर्ति नहुदा आर्थिक कारोवारको वित्तीय जोखिम वढ्ने र आन्तरिक नियन्त्रण नहुने अवस्था रहन्छ । तसर्थ आन्तरिक लेखापरीक्षकको पद पूर्ति गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

४.३ **आन्तरिक नियन्त्रण, वित्तीय उत्तरदायित्व एवम् कानुनको पालना** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ–आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयको लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देहायका कमजोरी रही असर पर्ने देखिएको छ । अतः आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको कार्यान्वयनमा ध्यान दिनुपर्ने देखिन्छ । आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गरेको देखिएन । यसबाट सम्बन्धित काम मितव्ययी एवं प्रभावकारी ढङ्गले कार्यान्वयन भएको छ भनी विश्वस्त हनु सक्ने आधार भएन । यसमा सुधार गरी कार्यालयबाट सम्पादन हुने कामलाई नियमीत, मितव्ययी एवं प्रभावकारी बनाउनु पर्दछः-

- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८ बमोजिम वार्षिक खरिद योजना तयार नभएको,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको
- पूँजिगत खर्चमा आयोजनाको प्राथमिकिकरण नभएको,
- स-साना योजनालाई प्राथमिकता दिएको,
- नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,
- नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको ।
- भेरिएशन अभिलेख खाता (म.ले.प.फा.नं. ५०१) नराखेको ।
- आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको ।
- ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको ।
- जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार गरेको पाइएन ।
- कर तथा शुल्क अनुमानको ठोस आधार निर्माण गरेको,
- आर्थिक वर्षको अन्तमा खर्चको चाप हुने गरी काम गरेको,
- राजस्वको अनुमान र प्राप्ती प्रक्षेपणमूखी र दायरामुखी वनाउन नसकेको,
- सवै कर्मचारीको तलवी प्रतिवेदन पारित नगरेको
- विद्यार्थी तथा शिक्षक अनुपात नभिडेको मर्जरको कार्यक्रम अगाडी नवढाएको
- एकिकृत सम्पत्ति विवरण र जिन्सीको एकीकृत लगत र निरीक्षण गरी प्रतिवेदन नदिएको,
- लक्षित समूह खर्चलाई नियन्त्रणमा ल्याउन नसकेको,
- विविध खर्चमा नियन्त्रण नगरेको,
- अनुगमन संयन्त्र निर्माण गरी योजना अनुगमनलाई प्रभावकारी बनाई अनुगमन प्रतिवेदन दिने नगरेको,

• सवै प्रकारका आयोजनामा निर्माण कार्यको गुणस्तर आश्वस्त हुने प्रमाण संलग्न गर्ने नगरेको ,

• उपभोक्ता समितिबाट गराएको कामको मर्मत सम्भारको जिम्मा सहित सम्पन्न योजना उपभोक्तालाई योजना हस्तान्तरण र सो को अभिलेखिकरण नगरेको ,

• म.ले.प.फा.नं.४०७ र ४०८ जिन्सी खाता अद्यावधिक नगरेको,

नियम, कानुन र निर्देशिका अनुसार कार्यान्वियन गर्नुपर्ने उपरोक्त व्यहोरा पूर्ण रुपमा कार्यान्वियन नगरेका कारण वित्तीय उत्तरदायित्व एवम जवाफदेहिता र कानूनको पालनामा कमी आएको हुँदा जिम्मेवार पदाधिकारीले कामको प्रकृति अनूरुप आन्तरिक नियन्त्रण प्रणाली तयार गर्ने र कानूनको पालना गराउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५ **बजेट तथा कार्यक्रम**

पालिकाको बजेट तथा कार्यक्रम सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्;

५.१ **राजश्व परामर्श** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ । राजश्व परामर्श समितिको २०८१।१।८ मा बैठक बसी राजश्वको दर, श्रोतगत र क्षेत्रगत रुपमा प्राप्त गर्न सकिने रु. २,४१,४८,८९९। आन्तरीक आयको प्रक्षेपण गरेको तर सुत्र प्रणालीमा रु. ६,०२,६२,८२२। आय प्राप्त गर्ने अनुमान गरेकोले समितिले आय प्रक्षेपण गरेको सम्बन्धमा यकिन गर्न सकिएन । स्थानीय सरकार सञ्चालन ऐन बमोजिम राजश्व परामर्श समितिले राजश्वको श्रोत दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने आयको यथार्थ अनुमान गर्न समितिको नियमित बैठक बसी पालिकाको आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

५.२ **श्रोत अनुमान तथा सिमा निर्धारण समिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति रहने र समितिले ऐन बमोजिम आयको प्रक्षेपण गरी बजेटको सिमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण गर्ने लगायतका कार्य गर्न श्रोत अनुमान तथा बजेट निर्धारण गर्नुपर्ने व्यवस्था छ । स्रोत अनुमान समितिको बैठक २०८१।१। ९ मा बसी सशर्त अनुदान वाहेकको रु. २२८,५,६९,८२२।बजेट अनुमान गरेको र वडालाई पुँजिगत तर्फ रु. १५ लाख र चालु तर्फ रु. ५ लाख सिलिङ निर्धारण गरे पनि योजनाको प्राथमिकीकरण गरेको देखिएन ।समितिले आगामी आर्थिक वर्ष पछि २ आर्थिक वर्षको बजेट प्रक्षेपण गर्ने कार्य समेत गरिनु पर्दछ ।

५.३ **बजेट तर्जुमा** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(२) मा बजेट तथा कार्यक्रम तर्जुमा समितिले आयको प्रक्षेपण, वितरणको खाका तथा कार्यक्रम तर्जुमा गर्दा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, क्षेत्रगत रुपमा छलफल गरी अन्तिम प्रस्ताव तयार गर्ने, कार्यक्रममा दोहोरोपना आउन नदिने लगायतका कार्य गर्नुपर्दछ । नगरसभाको बैठक २०८१।३।१० मा बसेको र बजेट तर्जुमा समितिको बैठक २०८१।३।२ देखि ४ वटा बैठक वसी सशर्त समेत रु ५०२८५९८२२।- व्यय अनुमान गरेको पाईयो । बजेट तयार गर्दा गत विगतको दायित्व रु. ६०,२४,१६२।- नछुट्टयाई साल वसाली कार्यक्रमको रुपमा भुक्तानी हुने गरी योजनागत रुपमा बजेट छुट्टयाएको छ । समितिले विषयगत र क्षेत्रगत वजेट वाँडफाड सम्बन्धी छलफल तथा योजनाको प्राथमिकीकरण गर्ने तथा योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिने व्यवस्था मिलाउने तथा योजना कार्यक्रम वीच तादाम्यता तथा परिपूरकता गर्ने कार्य गरेको छैन ।यसमा सुधार हुनुपर्दछ ।

५.४ **नगरसभा** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । पालिकाले २०८०।३।१० मा बार्षिक नीति तथा कार्यक्रम, आर्थिक ऐन, २०८० विनियोजन बिधेयक लगायत पेश गर्ने कार्य सूची राखी गाउँसभा प्रारम्भ गरी २०८१।३।२० मा सभा सुरु गरेको र २०८१।३।२८ मा रु.५०,२८,५९,८२२। बजेट

स्वीकृत गरेको छ । त्यस्तै २०८१।११।२० मा हिउँदे नगरसभा बसी ६८ योजना/कार्यक्रममा रु २५७२७०००। बजेट घटाई ७० योजना/कार्यक्रममा थप गरेको पाईयो । ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था भएपनि २०८१।४।३ मा अख्तियारी प्रदान गरेको छ ।

५.५ **कार्यपालिका निर्णय** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ मा कार्यबिभाजन र सम्पादन सम्बन्धी व्यवस्था अनुसार कार्यपालिकाको कार्यबिभाजन र कार्यसम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमाजिम हुने कार्यपालिकाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार सो नियमावलीमा उल्लेख हुनुपर्ने र नियमावलीबाट पदाधिकारीहरुको कार्य बिभाजन वा काम, कर्तव्य र अधिकार नतोकिएसम्म स्थानीय सरकार सञ्चालन ऐन बमोजिम हुने व्यवस्था छ । कार्यपालिकाले गर्ने निर्णयहरु स्थानीय सरकार संचालन ऐन. कार्य बिभाजन र कार्यसम्पादन सम्बन्धी नियमावली अनुसार हुनुपर्दछ । कार्यपालिकाले बिभिन्न समयमा बैठक बसी गरेका निर्णयहरु मध्ये केही निम्नानुसार छन् ।

| मिति | निर्णय नं. | निर्णयहरु |
|---|---|---|
| २०८१।८।२० | ८ | संघ र समपुरक अनुदान प्राप्त रकम ठेक्काबाट बचत हुन गएको रकम पुन सोही योजनाको अपुरो/ स्तरोन्नतिका लागि खर्च गर्ने निर्णय , |
| २०८०।९।२९ | ६(क) | करारका कर्मचारीहरुलाई एकमुष्ट रुपमा २०८१।८२ सम्म म्याद थप गर्ने निर्णय, |
| २०८१।१०।७ | १० | शहिद धनरुपमा स्मृति प्रतिष्ठानमा पुष्पकमल दाहाल उदघाटन गर्न आउने हुँदा रंगरोगन, मर्मत संभार गर्न रु.३५०,०००/- दिने निर्णय , |
| २०८१।११।२० | ५(क) | जनप्रतिनिधिहरु मकवानपुर लमजुङ पोखरा मुस्ताङ लुम्विनी चितवन अध्ययन भ्रमण गर्न जाने भएकोले रु ७९४५००। बजेट छुट्याउने निर्णय, |
| २०८२।३।११ | ७(क) | सडकवोर्डबाट प्राप्त रकम ६० प्रतिशत बोर्ड, ३० प्रतिशत नगरपालिका र १० प्रतिशत उपभोक्ताबाट साझेदारी गर्नुपर्नेमा नगरपालिकासंग बजेट न्यून भएकोले २० प्रतिशत नेपाल सरकारको अन्य पूँजीगत शिर्षकवाट २० प्रतिशत उपभोक्ता वाट व्यहोर्ने निर्णय । |

## ६ नीति निर्माण र कार्यान्वयन

पालिकाले निर्माण गरेको नीति तथा कार्यान्वयनको अवस्था देहाय बमोजिम छनः

६.१ **नीति कार्यान्वयन** - पालिकाले नगरसभा मार्फत स्वीकृत गरेको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गरिनु पर्दछ । आव २०८१।८२ चौधौं नगरसभाले स्वीकृत गरेको निम्नानुसारका नीति तथा कार्यक्रम कार्यान्वयन भएको पाईएन । स्वीकृत नीति तथा कार्यक्रम गर्न आवश्यक बजेट व्यवस्थापन गरी कार्यान्वयन गरिनुपर्दछ।

| क्षेत्र | कार्यक्रम | अवस्था |
|---|---|---|
| कृषि र पशुपंछी विकास | कृषि प्राविधिकहरुको उपलब्धता हुने गरी माटो परीक्षण प्रयोगशाला स्थापना गरी निःशुल्क माटो परीक्षण गर्ने व्यवस्था मिलाइने | प्रयोगशाला स्थापना नभएको |
| | माटोको उर्वराशक्ति अभिवृद्धि गर्दै दुग्धजन्य एवम् मासुजन्य पदार्थ उत्पादनमा कृषकहरुलाई थप अभिप्रेरित गर्न उपयुक्त अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइने | कृषकलाई अनुदान दिने कार्य नभएको |
| | कृषकहरुलाई व्यवसायिक कृषि उद्यममा आकर्षित गर्न टोल/ टोलमैं कृषि सेवा नामक कार्यक्रम सञ्चालनमा ल्याइने | कार्यक्रम सञ्चालनमा नआएको |
| | रैथाने पोषणयुक्त कोदो, मकै , फापर , जुनेलो , भट्मास जस्ता अन्नबालीको खेती गर्ने कृषकहरुलाई अनुदान उपलब्ध गराउन व्यवस्था मिलाइने | अनुदान उपलब्ध नगराएको |
| उद्यम, सहकारी र आन्तरिक आय अभिवृद्धि | नगरपालिका क्षेत्रभित्रका सामुदायिक वनलाई उद्यममा आकर्षित गर्दै नगरको आन्तरिक आम्दानी समेत अभिवृद्धि गर्न " उद्यमी वन , नगरको धन " नामक कार्यक्रम सञ्चालन गर्न अनुदान दिईने | कार्यक्रम सञ्चालन गर्न अनुदान नदिएको |
| | लघु वित्तीय संघ/ संस्थाहरुलाई नियमन गर्ने व्यवस्था मिलाइने | नियमन नभएको |
| उद्यम, सहकारी र आन्तरिक आय अभिवृद्धि | उद्यमशील कार्यमा वस्तुगत एवम् पुँजीगत अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइने | अनुदान उपलव्ध गराउने कार्य गर्न नसकेको |
| शिक्षा | स्थानीय पाठ्यक्रमको तर्जुमा गरी कार्यान्वयनमा ल्याइने | पाठ्यक्रम तर्जुमा नभएको |
| | सामुदायिक विद्यालयबाट समेत क्रमशः पोषणमैत्री एवम् बालमैत्री नगरपालिका स्थापना गर्न “ विद्यालयमा आमा ” नामक कार्यक्रम सञ्चालनमा ल्याइने | कार्यान्वयनको नभएको |
| स्वास्थ्य | ८० वर्षमाथिका नगरबासीहरुको स्वास्थ्योपचारमा महिनामा कम्तीमा एकपटक घरमै गई हेरचाह गर्न “ घरमै स्वास्थ्यकर्मी ” कार्यक्रम सञ्चालनमा ल्याइने | सञ्चालनमा नल्याएको |
| महिला, बालबालिका तथा समाज कल्याण | लालीगुराँसका महिला, उद्यममा पहिला नामक अभियान सञ्चालनमा गरी नेपाल सरकारबाट प्राप्त लघु उद्यम विकास कार्यक्रमको रकम र नगरपालिकाबाट विनियोजन हुने रकम सोही अभियान कार्यान्वयनमा खर्चिने व्यवस्था मिलाइने | अभियान सुरु नै नगरेको |
| जनसंख्या र बसाँईसराई | फर्की आए थातथलो, हुन्छ सबैको भलो " नामक अभियान सञ्चालन गरी अभियानमा समाहित हुने नागरिकहरुको अभिलेख राखी त्यस्ता नागरिकहरुलाई नगरपालिकाबाट सम्मान गर्ने व्यवस्था मिलाइने | अभियान सञ्चालन नै नगरेको |
| वन, वातावरण | वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउने र कार्ययोजना बमोजिम वन पैदावर विक्री गरी प्राप्त हुने आम्दानीको दश प्रतिशत रकम नगरपालिकाको स्थानीय सञ्चित कोषमा दाखिला | कार्ययोजना बनाई |

| | | |
|---|---|---|
| तथा विपद् व्यवस्थापन क्षेत्र | गर्नुपर्ने अटेर ककगर्ने सामुदायिक वन उपभोक्ता समुहलाई कालोसूचीमा राखी त्यस्तो सामुदायिक वनलाई प्रचलित कानून बमोजिम कारवाही गर्ने प्रकृयासम्म अघि बढाइने | कार्यान्वयन नगरेको |

६.२ **कानून र सञ्चालन स्थिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा हालसम्म १३ वटा ऐन, ४ वटा नियमावली, २० कार्यविधि १ निर्देशिका, २ मापदण्ड लगायत ४० वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशित गरेको पाईयो । निर्मित कानूनको प्रभावकारी कार्यान्वियन गरिनुपर्दछ ।

६.३ **न्यायीक समिति** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्षको कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी विवाद नरहेको विवरण दिए पनि गतवर्षको लेखापरीक्षण प्रतिवेदनमा ११ विवाद किनारा लगाउन बाँकी रहेको छ । पालिकाले पेश गरेको विवरण अनुसार यो बर्ष २० विवाद दर्ता भएकोमा १७ वटा फस्र्यौट र ३ कारवाहीको प्रकृयाको रहेको छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ७ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । आर्थिक वर्ष २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र. स. | क्षेत्र | बजेट | खर्च | कूल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ५०५४८ | ३९४४१ | ९. १३ |
| २ | पूर्वाधार विकास | २५९२९० | २२४५७६ | ५२.०१ |
| ३ | सामाजिक विकास | १०७९९९ | ९३३११ | २१.६१ |
| ४ | बातावरण तथा विकास | २५९० | २२३८ | ०.५२ |
| ५ | वित्तिय व्यवस्थापन र सुशासन | ५४१७ | ३१६२ | ०.७३ |
| ६ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८७६१६ | ६९०८४ | १६. |
| जम्मा | | ५१३४६० | ४३१८१२ | |

## ८ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । प्राप्त विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

(रु हजारमा)

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १२७५५९ | ५८३१ | ९८९७ | २०५३७ | ९१२९४ | ५८६४६ |
| प्रतिशत | | ४.५७ | ७.७६ | १६.१ | ७१.५७ | ४५.९८ |

प्राप्त विवरणअनुसार वार्षिक रु.१२,७५,५९ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु. ५८,३१ हजार (४.५७ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.९८,९७ हजार (७.७६प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.२,०५,३७ हजार (१६.१० प्रतिशत) र चौथो त्रैमासिकमा रु.९,१२,९४ हजार (७१.५७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.५,८६,४६ हजार (४५.९८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ९ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। आर्थिक वर्ष २०८१।८2 मा निम्नअनुसार १९१ योजनामा वजेट विनियोजन गरेको छ।

| सि नं | कार्यक्रमको नाम | योजना संख्या | रु. २० लाख भन्दा माथिका योजना | रु. ५ लाख देखि रु . २० लाख सम्मका योजना | रु. ५ लाख भन्दा कमका योजना |
|---|---|---|---|---|---|
| १ | पालीका स्तरीय | १०८ | ६ | ३२ | ७० |
| २ | वडा स्तरीय | ८३ | ० | ३ | ८० |
| | जम्मा | १९१ | ६ | ३५ | १५० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये १९१ योजनामात्र कार्यान्वयन भई रु.६३,५०,०००। का २३ योजना कार्यान्वयन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १० खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.१,४२,९४,९२१।- राजस्व बाँडफाँड रु.७,३२,४७,४५२।- र अनुदानबाट रु.३३,७९,५९,२११।- समेत रु.४२,५५,०१,५८४।- आम्दानी भएकोमा चालु तर्फ रु.३०,४२,५२,३१३।- र पुँजिगत तर्फ रु.१२,७५,५९,२०४।- समेत रु.४३,१८,११,५१७।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.२८ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८०,७६,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ५६.४९ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७३.९९ प्रतिशत चालु र २६.०१ प्रतिशत मात्र पुँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनु पर्दछ ।

## ११ सेवा प्रवाहको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।

| विवरण | जम्मा |
|---|---|
| घरवाटो सिफारिस | १३८ |
| चारकिल्ला सिपारिस | ७६ |
| स्वीकृत घरनक्सा पास –अभिलेखिकरण | ० |
| नागरिकता सिफारीश सहित अन्य सिफारिस | ५५१७ |
| पञ्जिकरणतर्फ | |
| जन्म दर्ता | २९५ |
| मृत्यु दर्ता | १५६ |
| बसाई सराई दर्ता | १४२ |
| विवाह दर्ता | १४६ |
| नाता प्रमाणीत | १८६ |
| सम्बन्ध विच्छेद दर्ता | ३४ |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| ग्रामिण सडकमा ढुङ्गा सोलिङ निर्माण | १९ कि.मि. |
| ग्रामिण सडकमा ढुङ्गा सोलिङ मर्मत | ५ कि.मि. |

पालिकाले आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई प्रभावकारी सेवा प्रवाहतर्फ ध्यान दिनुपर्दछ ।

१२ **वित्तिय सामानीकरणवाट चालु खर्च-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा योजना तथा क्रियापलापहरु कार्यान्वियन गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वियन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध वित्तिय सामानीकरण श्रोतवाट विकास निर्माण तथा पूँजी निर्माणमा कार्यमा खर्च गर्नुपर्नेमा यसवर्ष संगित नृत्य साहित्यिक कार्यक्रम खेलकूद तालिम स्थानीय रैथाने बालिको प्रवर्द्धन प्रकोष व्यवस्थापन लगायतका शिर्षकमा ६३४४८८२। खर्च लेखेको पाईयो । ऐन निर्देशिका विपरित खर्च लेख्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

१४ **आर्थिक सहायता-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले यसवर्ष २३ जनालाई रु. ७५०८७५। आर्थिक सहायता वितरण गरेको जुन आन्तरिक

आय रु.१,४२,९४,९२१। को ५.२५ प्रतिशत रहेको छ। पालिकाले नागरीक उपचार सहायता कोष परिचालन ऐन, २०८१ पारित गरी न्यूनतम रु १००००। देखि अधिकतम रु २५०००। सम्म सिमा निर्धारण गरेपनि कार्यपालिकाको निर्णय अनुसार रु.२५००००। सम्म आर्थिक सहायता प्रदान गरेको छ । पालिकाले आर्थिक सहायता प्रदान गर्दा आन्तरीक आयलाई ध्यान दिनुपर्दछ ।

१५ **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको एकीकृत सूचना व्यवस्थापन प्रणाली विवरणअनुसार पालिकाभित्र ४३ सहकारी संस्था एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा समावेश भएको देखिन्छ ।तर पालिकाले आफ्नो क्षेत्रभित्र रहेका सहकारीहरुको एकिकृत तथ्याँक संकलन गरेको छैन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१६ **धरौटी सदरस्याहा -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा उल्लेखित समयावधि भित्र धरौटी फिर्ता लिन नआएमा कार्यालयले धरौटी रकम राजस्व खातामा आम्दानी बाध्नु पर्ने व्यवस्था छ । पालिकाको नाममा रहेको विगत लामो समय देखिको धरौटी रकमको नामनामसी समेत नखुलेको देखिएकोले सो नामनामेसी नखुलेको धरौटीलाई पालिकाले राजस्व खातामा जम्मा गरी सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९३,९४९.५५ |

१७ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्यौंट गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार कर्मचारी तथा निर्माण व्यवसायीलाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु.१५,६०,०००।- बाँकी रहेको देखिन्छ । सो मध्ये म्याद नाघेको पेश्की रु.७,६०,०००।- फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| भौ. नं . र मिति | पेस्कीको विवरण | पेस्की लिनेको व्यक्ति तथा निर्माण व्यवसायीको नाम | म्याद नाघेको पेस्की | म्याद ननाघेको पेश्की |
|---|---|---|---|---|
| १५४।०८२।३। २४ | कफी/फलफूल खेती प्रवर्द्नन कार्यक्रम | आर्यन लिम्बु | ६०००० | |
| ५०६।०८२।३। २४ | नगरको खुशी, रैथाने कृषि कार्यक्रम संचालन एवम् प्रवर्द्धन | आर्यन लिम्बु | ३००००० | |
| १५३।०८२।३। २४ | वीउ विजन खरिद गरी कृषकलाई वितरण कार्यक्रम | हिम बहादुर थापा | ३००००० | |
| १८५।०८१।१०। १५ | नगर प्रहरी पोशाक | खेमराज गुरुङ्ग | १००००० | |
| १८।०८१।१२। ३१ | शहीद धनरुपा स्मृति पार्क तथा सभा हल निर्माण | सिडिएस निर्माण सेवा | | ४७४००० |
| १९।०८२।१।२५ | शहीद धनरुपा स्मृति पार्क तथा सभा हल निर्माण | सिडिएस निर्माण सेवा | | ३२६००० |
| जम्मा | | | ७६०००० | ८००००० |

| | |
|---|---|
| पेश्की | ७,६०,००० |

१८ **गत आ.व.को पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७(५) र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा पेश्की फर्स्यौट सम्बन्धी व्यवस्था रहेको छ । श्रेस्ता परीक्षण गर्दा गत विगतमा औल्याईएको पेश्की रु.२४,९७,५५३।- रहेकोमा उक्त पेश्की लेखापरीक्षण अवधिसम्म पनि फर्स्यौट भएको छैन । नियमानुसार समयमा नै फर्स्यौट गर्नुपर्ने देखिन्छ ।

१९ **एकिकृत स्वास्थ्य पूर्वाधार कार्यक्रम**

नगरपालिकामा निर्माणाधिन रहेको १५ शैय्या अस्पताल निर्माणको आशिष/आशिर्वाद/स्वामीनारायण जेभीसंग मू.अ. कर सहित रु.१३,१२,५०,८७२।५७ मा २०८०।४।२० मा सम्झौता मितिले २ बर्षभित्र सम्पन्न गर्ने गरि २०७८।२।१० मा सम्झौता भएको ठेक्काको कार्यपालिकावाट २ पटक म्याद थप भई २०८३ असार मसान्त सम्म अवधि कायम भएको निर्माण कार्यमा रु.६,०७,१२,३८३। मूल्याँकन गरी मूल्य समायोजन समेत रु.६,४१,०२,०३२। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

१९.१ **म्याद थप** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी सम्झौता अवधि भित्र काम पुरा गर्न नसक्ने भएमा कारण खुलाई म्याद समाप्त हुनुभन्दा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत वीमा र पेश्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सार्वजनिक निकायमा निवेदन दिने र उपदफा (२) को प्रकृया पुरा गरी म्याद थप गर्न सकिने व्यवस्था छ । निर्माण व्यवसायीले मिति २०८२।२।११ मा म्याद थपको लागि निवेदन दिएकोमा निर्माण कार्यमा ढिलाई हुनुको कारण तथा त्रुटीसच्याउने अवधिसम्मको विमा नविकरण, निर्माण कार्य तदारुकताको साथ सम्पन्न गर्ने प्रतिवद्धता वेगर २०८३ असार समान्त सम्म म्याद थप माग गरेको र कार्यपालिकाको मिति २०८२।२।१४ को स्वीकृत टिप्पणी आदेश अनुसार मिति २०८२।२।२० को कार्यपालिकाको निर्णय अनुसार थप आर्थिक व्ययभार नपर्ने गरी म्याद थप भएको पाईयो । निर्माण व्यवसायीसंश संशोधित कार्यतालिका र कार्ययोजना माग गरी थप भएको अवधि भित्र कार्यसम्पन्न गराउनु पर्दछ ।

१९.२ **अद्यावधिक काम** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा विल विजकको भुक्तानी दिंदा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा गर्नुपर्ने व्यवस्था छ । उल्लेखित निर्माण कार्यको छैटौं रनिङविल सम्मको अद्यावधिक काम रु. ६०७१२३८३।- भएको र कार्यालयले व्यवसायीलाई मूल्य समायोजन सहित रु.६,४१,०२,०३२।- भुक्तानी दिएको देखिन्छ । गत विगतमा ३ वटा विलवाट भुक्तानी दिएको मूल्य समायोजनको रु.४०,८१,१०३।- घटाउँदा कामको वास्तविक कामको भुक्तानी रु.६,००,२०,९२९।- हुने देखिएकोले ठेक्का विल यथार्थपरक देखिएन । भए गरेको कामको यथार्थ नापजाँच गरी अद्यावधिक विल तयार हुनुपर्दछ ।

१९.३ **बढी नापी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ बमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्यसम्पादनको आधारमा बिल र बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ । कार्यालयबाट छैटौं रनिङ्ग बिल सम्मको नापी परीक्षण गर्दा आईटम नं १२ मा रहेहो Providing Reinforcement bars (Grade 415 or above) work including straightening, cleaning, cutting, bending, binding with 20 SWG annealed wire & fixing in position as per drawing, bar bending schedule for raft foundation column, beam, wall, stair, slab in all R.C.C.२५०.४५ मेट्रिक ट्रनको व्यवसायीले सम्झौतामा उल्लेख गरेको दर रु.९५०००। का दरले गणना गरी मू अ कर समेत रु.२,६८,८५,८०७। भुक्तानी गरेको छ । लेखापरीक्षणमा पालिकाको प्राविधिकको सहयोग समेत लिई गणना गर्दा नभएको परिमाण समेत गणना गरेको देखियो उक्त आईटम हटाई तथा वारवेण्डिङ सेड्युल अनुसार आईटम वाईजको प्रचलित सुत्र [(Diameter*Diameter)/162*No*Length] प्रयोग गर्दा २४०.०४ मेट्रिक ट्रन मात्र आउने देखिएकोले बढी गणना गरेको १०.४१ मेट्रिक ट्रनको निर्माण व्यवसायीले कवोल गरेको दरले मू.अ.कर समेत रु.११,१७,१३९।- बढी भुक्तानी गरेकोले यथार्थ परक गणना गरी वास्तविक परिमाण यकिन गरी असूल गर्नपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,१७,१३९ |

१९.४ **दुईवटा करदर्ता नम्वरको प्रयोग** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम २८(६) मा कुनै संयुक्त उपक्रम खरिद सम्झौताको लागि छनौट भएमा सार्वजनिक निकायले त्यस्तो संयुक्त उपक्रमलाई त्यस्तो उपक्रमको संयुक्त दायित्व र संयुक्त उपक्रमका साझेदारको व्यक्तिगत दायित्व समेत रहने गरी आन्तरिक राजश्व कार्यालयमा स्थायी लेखा नम्वर र मूल्य अभिबृद्धि कर दर्ता गर्न लगाउनुपर्ने व्यवस्था छ । कार्यालयले उक्त ठेक्का सम्झौता गर्दा छनौट भएको जेभीलाई उपक्रमको संयुक्त दायित्व र संयुक्त उपक्रमका साझेदारको व्यक्तिगत दायित्व समेत रहने गरी आन्तरिक राजश्व कार्यालयमा स्थायी लेखा नम्वर र मूल्य अभिबृद्धि कर दर्ता गर्न लगाए पनि उक्त जेभीले योजनाको कार्य गर्न २ वटा स्थायी लेखा नम्वर नं (आन्तरीक राजश्व कार्यालय विराटनगरको प्यान नम्वर ६१०६३५२३८ पेश गरेको आधारमा सम्झौता गरी पेश्की दिएको तथा मिति २०७६।१।२७ करदाता सेवा कार्यालय गाईघाटको प्यान नं ६१५९६२४८३ दर्ता मिति २०७८।२।२१) प्रयोग गरी भुक्तानी लिएको पाईयो । एक योजनाको लागि एक जे. भि. र एउटा मात्र कर दर्ता नं. हुनुपर्नेमा ठेक्का सम्झौता हुनुपर्व २ वर्ष अघिकै जेभी कर दर्ता नं. बाट बिभिन्न ठेक्का कार्य गरेकोले जेभीसंग सम्झौता गरी भुक्तानी दिंदा कार्यालयको ध्यान पुगेको देखिएन । प्रचलित कानून बमोजिम निर्माण व्यवसायीलाई कारवाही गर्न सम्बन्धित निकायमा पत्राचार गरी यस वर्ष निम्नानुसार भुक्तानी दिएको मूल्य अभिबृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नपर्ने रु.

| गो भौ नं मिति | कार्यालयले भुक्तानी दिएको प्यान नम्वर | भुक्तानी रकम | ७० प्रतिशत मू अकर भुक्तानी |
|---|---|---|---|
| ३-२०८१।११।१३ | ६१५९६२४८३ | १५३७०७२० | १२१५७६१ |
| ६-२०८२।३।२२ | ६१५९६२४८३ | १४४०५१९७ | ११६००६४ |
| जम्मा | | | २३७५८२५ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,७५,८२५ |

१९.५ **कार्यप्रगति** – निर्माण व्यवसायीले सम्झौता गर्दाका बखत पेश गरेको निर्माण कार्यतालिका बमोजिम कार्य गर्नु पर्दछ । सम्झौता गर्दाका बखत २ बर्षभित्र कार्य सम्पन्न गर्ने गरि कार्यतालिका पेश गरेकोमा २०८२ असार मसान्तसम्मको अवधिमा २०० प्रतिशत समय व्यतित हुँदा ४६ प्रतिशत वित्तिय र ५१ प्रतिशत प्रगति भएको देखिएकोले निर्माण व्यवसायीले सम्झौतामा उल्लेख गरेको कार्यतालिका बमोजिम कार्य गरेको छैन । निर्माण व्यवसायीलाई ताकेता गरी सम्झौता अनुसारको कार्य समयमै सम्पन्न गराउने तर्फ ध्यान जानुपर्दछ ।

१९.६ **स्थलगत अवलोकन** – निर्माण व्यवसायीले सम्झौता गरी निर्माणको लागि जिम्मा लिएको काम पेश गरेको कार्यतालिका अनुसार गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा निर्माणाधिन अस्पतालको कार्यालयका सम्वद्ध पदाधिकारी तथा लेखापरीक्षण टोलीवाट संयुक्त रुपमा स्थलगत अवलोकन गरीयो । अलवलोकनको क्रममा अस्पतालको माथिल्लो तल्लाको आधि भाग ढलान गरे पनि आधि भागमा फर्मा मात्र विच्छयाएको, निर्माण व्यवसायी तथा उसको प्रतिनिधि निर्माणस्थलमा उपस्थिति नरहेको, निर्माणस्थलमा ३-४ ट्रक ईंटा रहेको निर्माण सम्बन्धी यन्त्र उपकरण नरहेको, निर्माणाधिन भवनको पश्चिम साईटमा माथिपट्टी सडकको तल्लो भागमा पहिरो खस्ने अवस्थामा रहेको पाईयो । निर्माण व्यवसायीलाई सम्झौता अनुसार काम गर्न लगाउने वा प्रचलित कानून एवं सम्झौता बमोजिम कारवाही गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।



निर्माणाधिन भवनको दोस्रो तलाको ढलानको आधि भाग फर्मा मात्र राखेको र साईट बाट पहिरो खस्ने अवस्थामा रहेको अवस्था

२० **शहिद धनरुपा स्मृति पार्क तथा सभाहल निर्माण**

लागत अनुमान रु १४८९२७०१।२६ रहेको शहिद धनरुपा स्मृती पार्क तथा सभाहलको ठेक्का व्यवस्थापन गर्दा सवैभन्दा कम कवोल गर्ने सिडिएस निर्माण सेवाले कवोल गरेको रु ९४९६३५४।११ मा मिति२०८२।५।१५ मा सम्पन्न गर्ने गरी मिति २०८१।१२।८ मा सम्झौता गरेको र २०८१।८२ मा रु. ७६,२९,४१८। भुक्तानी भएको निर्माण कार्य सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

२०.१ **उद्देश्य विपरित बजेट विनियोजन** - नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरीक मन्त्रालय पर्यटन पूर्वाधार आयोजनाको मुख्य उद्देश्य नेपालका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिकोणले महत्व राख्ने क्षेत्रहरुको गुरुयोजना तयार गरी भौतिक पूर्वाधारहरुको विकास गर्ने, निर्धारित क्षेत्रमा भ्रमण गर्ने आन्तरिक तथा वाह्य पर्यटकहरुका लागि आवश्यक पर्ने भौतिक सुविधाहरुको निर्माण तथा सम्भार गर्ने, आय आर्जनको श्रोतको पहिचान गरी पर्यटन क्षेत्रको भौतिक पूर्वाधारहरु निर्माण गर्ने र ती संरचनाहरु नियमित रुपमा स्थानिय स्तरबाटै मर्मत संभार तथा व्यवस्थापन गर्ने परिपाटी बसालेर दिगो विकासको अवधारणा अनुरुप कार्यक्रमहरु संचालन गर्ने र गरिबी निवारणमा टेवा पुर्‍याउने रहेको छ । संस्कृति, पर्यटन जगेर्ना र प्रवर्धन नगर्ने खालका योजनामा सम्बन्धित निकायले बजेट विनियोन गरी खर्च गरेको योजनाको उद्देश्य अनुरुप नदेखिएकोले सम्बन्धित निकायको ध्यान जानु पर्दछ ।

२०.२ **श्रोत सुनिश्चितता** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६ (१) मा सार्वजनिक निकायकले आवश्यक बजेट व्यवस्थापन नभई खरिद कारवाही अगाडी बढाउनु हुँदैन । नगर कार्यपालिकाको मिति २०८१।१०।७ को निर्णय अनुसार गत आर्थिक वर्षमा प्रदेश सरकारको लगानीमा पेड्रेस्टल लेभल सम्म काम भएको र जनप्रतिनिधि प्राविधिक तथा परामर्शदाताबाट संयुक्त अनुगमन गरी वाँकी कामको स्ट्रक्चरल ईन्जिनियरले तयार गरेको लागत अनुमान अनुसार ठेक्का लगाउने र सशर्त अनुदानवाट विनियोजन भएको रु .९०,००,०००। र नपुग रकम सम्बन्धित निकायवाट माग गर्ने र प्राप्त नभए नपुग रकम नगरपालिकावाट आगामी आ.ब. मा स्रोतको सुनिश्चितता गरी ठेक्का बन्दोवस्त कार्य अगाडी बढाउने निर्णय अनुसार ठेक्का अगाडी बढाएको देखियो । स्रोत सुनिश्चितता नभई तथा उधारो सुनिश्चितता गरी ठेक्का कार्य अगाडी बढाउने कार्य नियमसम्मत देखिएन ।

२०.३ **कार्यविधि विपरित कार्य** - सशर्त अनुदानवाट खर्च गर्ने कार्यविधि २०८० को दफा ७ को उपदफा १(ङ) मा सशर्त अनुदान वापत प्राप्त रकमवाट सञ्चालित आयोजना तथा कार्यक्रम सोही आ.व. भित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सशर्त अनुदान श्रोतवाट सञ्चालन हुने कार्यक्रम सोही आ.व. भित्र सम्पन्न हुने गरी सञ्चालन नगरी बहुवर्षिय आयोजनाको रुपमा ठेक्का व्यवस्थापन गरी काय गरेको कार्यविधि विपरित देखिएको छ । कार्यविधिको पालना हुनुपर्दछ ।

२०.४

**स्थलगत अवलोकन** – निर्माण व्यवसायीले सम्झौता गरी निर्माणको लागि जिम्मा लिएको काम पेश गरेको कार्यतालिका अनुसार गर्नुपर्दछ । लेखापरीक्षणका क्रममा निर्माणाधिन सभाहलको कार्यालयका सम्वद्ध पदाधिकारी तथा लेखापरीक्षण टोलीवाट संयुक्त रुपमा स्थलगत अवलोकन गरीयो । अलवलोकनको क्रममा सभाहल निर्माण गरेपनि स्टेज नवनाएको, ट्रसको लागि कालो फलामे पाईप जोड्ने काम वाँकी रहेको, नापी कितावमा फाईवर सिट जोड्ने कामको अधिकाँश नापी गरी ११.१५ बर्ग मिटर वाँकी देखाएकोमा आधा भन्दा बढी राख्न वाँकी देखिएको, Steel reinforcement bar of Fe 415/500 grade including supplying, straightening, cleaning, cutting, bending, placing in position and binding को काम करीव ०।६१ टन परिमाणको काम बाँकी रहेको, नापी किताव अनुसार पिसिसि पनिङ कार्य वाँकी रहनुका साथै भित्रि भाग खुल्ला रहेको पाईयो । निर्माण व्यवसायीलाई सम्झौता अनुसार काम समयमै सम्पन्न गर्न लागउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।



*निर्माणाधिन अधुरो सभाहल*

२०.५ **पेश्की वाँकी** – निर्माण व्यवसायीसंग भएको सम्झौताको जिसिसि ५७.३ मा ३० प्रतिशतको काम सम्पन्न पश्चात ४० प्रतिशतको दरमा पेश भएको विलको आधारमा पेश्की कटाउँदै जाने र ८० प्रतिशत वरावरको काम सम्पन्न हुँदा सवै पेश्की रकम घटाई सक्नु पर्ने व्यवस्था छ । निर्माण व्यवसायीले पेश गरेको ठेक्का विल अनुसार ८० प्रतिशत वरावर काम अर्थात रु.७६,२९,४१८। रकम वरावरको विल पेश भई भौ नं ३४-२०८२।३।२४ बाट रु.७६,२९,४१८। भुक्तानी गरेकोमा सम्झौता अनुसार दिएको पेश्की रु. ८,००,०००। पुरै रकम फर्स्यौट गर्नुपर्नेमा गरेको नदेखिएकोले सम्झौता अनुसार पेश्की कट्टा नगरेको सम्झौता विपरित देखिएको रु.

| | |
|---|---|
| पेश्की | ८,००,००० |

२१ **ऐन विपरित खर्च** -

लालिगुराँस नगरपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन, २०८१ को बुँदा २५ (१) मा नगर प्रमुखस्तरको निर्णयबाट विपद व्यवस्थापनसंग सम्बन्धित प्रवर्द्धनात्मक, निरोधनात्मक र उपचारात्मक कार्य गर्न रु. १० लाख रुपैयाँसम्मको प्रशासनिक एवँ पूँजीगतसंग सम्बन्धि खर्च कार्यालयले कोषवाट खर्च गर्न सक्ने व्यवस्था छ । ऐन विपरित भौ नं १२- २०८२।३।१० बाट वडा नं ३ को कार्यालयमा विद्युत सर्ट भई कम्प्युटर प्रिन्टर विग्रिई नयाँ खरिद गरेको भनी हाईटेक कम्प्युटर एण्ड ईलेक्ट्रोनिक्सलाई रु.१,०६,२२०। प्रकोष व्यवस्थापन कोषबाट खर्च लेखेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको ऐन बमोजिम नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०६,२२० |

२२ **बजेट भन्दा बढी लागत अनुमान**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । साथै खरिद नियमावलीमा स्रोतको सुनिश्चितता नभई खरिद कारवाही अगाडि बढाउन नसिकेन व्यवस्था छ । यस वर्ष प्रदेश समपुरक बजेट लागत साझेदारीमा २ योजनाको प्रत्येकको लागि रु.६५ लाख बजेट प्राप्त भई पालिकाबाट ३५ प्रतिशत रु.३५

लाख साझेदारी गरी रु.१ करोड विनियोजन भएको देखिन्छ । पालिकाले रु.१ करोड बजेटलाई नघाई निम्नानुसार लागत अनुमान तयार गरेको देखिन्छ । बजेटको सिमाभित्र रही लागत अनुमान तयार गर्नुपर्नेमा बजेटभन्दा बढि लागत अनुमान तयार गराउनु उचित देखिएन ।

| सि.नं. | योजनाको नाम | निर्माण व्यवसायी | लागत अनुमान (भ्याट, कन्टिन्जेनसी र पिएस) | सम्झौता रकम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | फिर्के शिवालय गणेश आवि कुरुवाङ्ग सडक स्तरोन्नती | न्यू पाथिभरा कन्स्ट्रक्सन | १४५०५६९९.०४ | ८१३२०९८ | ८१०८०३६ | ठेक्का |
| | | सोल्मा श्रेष्ठ लक्ष्मी निर्माण सेवा | ४४२७२३०.०५ | २६४४५९३ | २५९१७९६ | पुन ठेक्का |
| २ | ढुंगे सिंहबाहिनि मावि सडक स्तरोन्नति | जित सिता निर्माण सेवा | १४५०३४९९.८२ | ८९११२५३ | ८६६७७१५ | ठेक्का |
| | | सोल्मा श्रेष्ठ लक्ष्मी निर्माण सेवा | ३६०७६८९.७२ | २३०४००५ | २२७४३५९ | पुन ठेक्का |

२३ **बचत रकमबाट पुन खर्च-**

कोशी प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४(२) मा प्रदेश सरकारले मन्त्रालयबाट छनोट भएका आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि त्यस्तो आयोजनाको प्रकृति, आवश्यकता, प्राथमिकता, कार्यान्वयनबाट हुन सक्ने सम्भाव्य उपलब्धि तथा दिगोपना आदिको आधारमा कुल लागतको बढीमा ६५ प्रतिशतसम्म रकम समपुरक अनुदान रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ । साथै कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४ को उपदफा (१) बमोजिम प्रदेश स्रोतबाट सञ्चालन हुने गरी विनियोजन भएको कुनै आयोजना वा कार्यक्रमको एक पटक ठेक्का बन्दोबस्त भईसकेपछि बचत हुने रकमको पुनः ठेक्का लगाउन नपाइने र यसरी बचत हुने रकम सम्वन्धित निकायले तालुक मन्त्रालय मार्फत बजेट समर्पण गर्नुपर्ने व्यवस्था छ । पालिकालाई यस वर्ष २ योजनाको लागि प्रदेश सरकारबाट समपुरक अनुदान रु.६५ लाखका दरले प्राप्त भएकोमा ठेक्का सम्झौता भई कार्य सम्पन्न प्रतिवेदनको आधारमा प्रदेशको रु.१,०९,०४,२३८।- र आन्तरिक स्रोतको रु.५८,७१,५१३।- खर्च भएकोमा बचत रकमबाट रु.७७,६२,७९६।- को थप लागत अनुमान बनाई ठेक्का मार्फत रु.२०,९५,७६३।- समपुरक अनुदानबाट खर्च लेखेको छ । बचत रकमबाट थप कार्य गराउँदा अनुदान दिने निकायको स्वीकृति तथा समर्थन बेगर खर्च लेखेकोले कार्यक्रम परिमार्जन र खर्च स्वीकृति समर्थनको प्रमाण पेश गर्नुपर्ने रु.

| योजनाको नाम | निर्माण व्यवसायी | अनुदान बचत रकम | लागत अनुमान (भ्याट र पिएस) | सम्झौता रकम | अनुदान रकम भुक्तानी |
|---|---|---|---|---|---|
| फिर्के शिवालय गणेश आवि कुरुवाङ्ग सडक स्तरोन्नती | सोल्मा श्रेष्ठ लक्ष्मी निर्माण सेवा | १२२९७७७ | ४२७७०७३ | २६४४५९३ | १२२९७७७ |
| ढुंगे सिंहबाहिनि मावि सडक स्तरोन्नति | सोल्मा श्रेष्ठ लक्ष्मी निर्माण सेवा | ८६५९८६ | ३४८५७२३ | २३०४००५ | ८६५९८६ |
| जम्मा | | २०९५७६३ | ७७६२७९६ | ४९४८५९८ | २०९५७६३ |

| प्रमाण पेश नगरेको | २०,९५,७६३ |
|---|---|

२४ **ढुंगाको रोयल्टी**

कोशी प्रदेशको आर्थिक ऐन, २०८१ को दफा ८ बमोजिम प्रदेशभित्र प्राकृतिक स्रोत संकलन तथा बिक्री वापतको शुल्क अनुसूचि-६ बमोजिम असुल गरिने व्यवस्था छ । सो अनुसूचिमा ढुंगाको संकलन प्रति क्यू फिट रु.७।- को दरले गर्न सकिने व्यवस्था छ । यस पालिका अन्तर्गत विभिन्न योजनाहरूमा निर्माण व्यवसायी वा उपभोक्ता समिति मार्फत निर्माण कार्यहरू गर्दा योजनाहरू सञ्चालन भएका ठाउँमा प्रयोग भएका ढुङ्गा प्रयोग गर्दा कोशी प्रदेश सरकारले निर्धारण गरेको दररेट बमोजिम राजश्व सम्वन्धित स्थानिय तहमा बुझाउनु पर्ने व्यवस्था रहेकोमा सो बुझाएको देखिएन । ढुंगाको प्रयोगमा कलेक्सन तथा फुटाएको रकम दिनुपर्ने तथा ढुंगाको समेत रकम भुक्तानी

गर्दा ढुंगाको रोयल्टी उठाई पालिकाको राजस्व खातामा दाखिला गर्नुपर्दछ । उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुले ढुंगा खरिद गरेको बिल, भर्पाई तथा कहाँबाट ढुंगा ल्याएको हो सो खुल्ने प्रमाण पेश गरेको देखिंदैन । पहाडि क्षेत्रमा ढुंगा उपलब्ध हुने भएकोले सोही स्थानको ढुंगा प्रयोग हुने देखिन्छ । प्रयोग भएको ढुंगा निर्माण व्यवसायी वा उपभोक्ता समितिले सम्वन्धित पालिका वा जहाँबाट ल्याई प्रयोग गरेको हो त्यहाँ खरिद गरेका प्रमाण तथा कोशी प्रदेश सरकारको आर्थिक ऐन बमोजिम तोकेको शुल्क तिरेको प्रमाण पेश भएको नदेखिएकोले उक्त योजनाहरूमा प्रयोग भएको १८८९८ परिमाण ढुंगामा लाग्ने रोयल्टी प्रति घन फिट रु.२७९।- का दरले रु.५२,७२,५४२।- तिरी निर्माण कार्य गर्ने सम्बन्धमा छानबिन गरी राजस्व छुट हुन नदिने व्यवस्था गर्नुपर्दछ ।

२५ **ग्याविनमा बढि भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । भौ.नं.र मिति ५३-०८१।११।२७ बाट उम्रपानी बिष्टबारी केवुक वैकल्पिक सडक उ.स.लाई ग्याविन कार्य १४५.५० घनमिटरको रु.५०८५।२० का दरले भुक्तानी हुनुपर्नेमा रु.५१७४।४७ को दरले भुक्तानी भएकोले बढि रु.१२,९८८।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,९८८ |

२६ **संघ सस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको कार्य क्षेत्र तोकिएको छ । साथै वितरणमुलक खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्वेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिंदैन । निम्नानुसार संस्थाहरुलाई कार्यालय व्यवस्थापन तथा पार्क निर्माणको लागि रकम उपलब्ध गराएकोले नियम सम्मत नदेखिएको रु.

| सि.नं. | संघ संस्थाको नाम | कामको विवरण | रकम |
|---|---|---|---|
| १ | मनमोहन स्मृती भवन कार्यालय | ल्यापटप, प्रिन्टर, प्रोजेक्टर र फर्निचर लगायत | ३९९१४७ |
| २ | मेजर धन बहादुर तेमुङ स्मृती प्रतिष्ठान | मिरिङ्गबुङ्ग पार्क निर्माण | ९६४९९७ |
| जम्मा | | | १३६४१४४ |

| | |
|---|---|
| अनियमित भएको | १३,६४,१४४ |

२७ **मूल्य अभिबृद्धि कर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । फिर्के शिवालय गणेश आवि कुरुवाङ्ग सडक सोलिङ्ग गर्न मिति ०८२।२।३० मा सम्पन्न गर्ने गरी रु.८१,३२,०९८।७८ को न्यू पाथिभारा कन्स्ट्रक्सनसंग मिति ०८१।८।२४ मा सम्झौता भएको छ । गो.भौ.नं. र मिति १०५-०८२।२।२८ बाट दोस्रो रनिङ्ग बिल भुक्तानी गर्दा रु.६०,२५०।- बढि भुक्तानी भएको देखिन्छ । फाइनल बिलमा कट्टा गर्दा भ्याट कट्टा नगरी रु.७,८३२।- भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,८३२ |

२८ **बढि भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १४०।०८१।३।२० बाट म्याराडोना क्लव स्तरोन्नति उससंग सम्झौता गरी कार्य सम्पन्न पश्चात रु.२,९०,७०७।- भुक्तानी गरेको छ । समितिले पेश गरेको कार्य बिल बमोजिम रु.३,३३,००६।६९ मा उपभोक्ता अंश रु.५०,०००।- कट्टा रु.२,८३,००६।६९ भुक्तानी गर्नुपर्नेमा रु.७,७००।- बढी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७,७०० |

२९ **कार्यविधि विपरित खर्च**

लालिगुराँस नगरपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७९ को बुँदा ६ मा मर्मत संभार कोषमा जम्मा हुन आएको रकम पूर्वाधार विकासको नियमित पटके र आकस्मिक मर्मत संभार सम्बन्धी कार्यमा मात्र खर्च गरिने व्यवस्था छ ।कार्यविधि अनुसार निर्माण भएका संरचनाहरुको मर्मत संभार कार्यमा खर्च नगरी सभाले पारित नगरेका निम्न नयाँ योजनाहरुमा उपभोक्ता समिति गठन गरी उपभोक्ता समिति मार्फत कार्य गराई भुक्तानी दिएको देखिएकोले कार्यविधि अनुरुप मात्र खर्च गर्नुपर्दछ ।

| गो. भौ. नं. र मिति | योजनाको नाम | खर्च रकम |
|---|---|---|
| ३- २०८१।९।१ | गल्लामोड मंगलवारे सडक सोलिङ | ५०००००० |
| ४- २०८१।१।४ | चोलुङ पार्क प्लास्टिक पोखरी तथा माटो विच्छ्याउने कार्य | ३२०००० |
| ६- २०८२।३।२२ | हाटखोला सडक सोलिङ | १२९५४५ |
| ७- २०८२।३।२३ | निजी समुहवाट संचालित वलमेटे होमस्टेको सौचालय निर्माण | ३१९६०० |
| ८- २०८२।३।२४ | बसन्तपुर महिला समाज मार्फत डम्पिङ साईट जाने वाटो सोलिङ र ट्रस निर्माण | ३०२०८४ |
| | जम्मा रु. | १५७१२२९ |

३० **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

३१ **संघीय समपुरक अनुदान** –

संघीय समपुरक अनुदान तर्फ मुसाङखेल- लम्वुखोला-सेपेनी-डाँडागाउँ- मेन्द्रुक सडक स्तरोन्नती कार्यको लागि यसवर्ष रु. १ करोड अनुदान प्राप्त भई अनुदान रकमबाट रु ८४ लाख १५ हजार खर्च भएको कारोवार सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्

३१.१ **थप काम** - समपुरक अनुदान कार्यविधि, २०७५ संशोधन २०७६ को बुँदा ९ (१) मा समपुरक अनुदान गर्दा जुन आयोजना/ कार्यक्रमको लागि अनुदान प्राप्त भएको हो सोही आयोजना/ कार्यक्रममा मात्र खर्च गर्नुपर्ने व्यवस्था छ । मुसाङखेल-लम्वुखोला-सेपेनी डाँडागाउँ- मेन्द्रुक सडकको बिभिन्न खण्डमा स्तरोन्नती कार्यको लागि संघीय समपुरक अनुदानवाट प्राप्त बजेट रु.१ करोड र पालिका श्रोत समेतको लागत सहभागीता हुने गरी रु १९९९९८३७। को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गर्दा रु. १,१२,४६,६०९। मा मिति २०८१।८।२४ मा एक निर्माण व्यवसायीसंग सम्झौता गरी कार्यसम्पन्न प्रतिवेदन अनुसार रु.१,१२,२१,१७६। को कार्य स्वीकार गरेको पाईयो । पुन: सोही सडकको बिभिन्न चेनेजमा बचत रकमवाट पुन; काम गर्न रु. ८०,७८,६१३।६८ को लागत अनुमान तयार गरी ठेक्का व्यवस्थापन गरेको र सोल्मा श्रेष्ठ लक्ष्मी निर्माण सेवाले कवोल गरेको रु.४६,५९,३८८। मा २०८२।३।१५ भित्र सम्पन्न गर्ने गरी २०८१।११। १ मा सम्झौता गरेको र प्राविधिक मूल्याँकन अनुसार रु.४६,४८,१७९।२२ वरावरको काम स्वीकार गरी भौ.नं.र मिति १३३-२०८२।३।१७ वाट रु. ४६,६८,८७९। भुक्तानी गर्दा संघीय

समपुरक अनुदान रकमवाट रु.२३,२४,०९०। र पालिका श्रोतवाट रु.२३,२४,०९०। खर्च लेखेको छ । वचत रकमबाट थप काम गर्न अनुदान दिने निकायसंग स्वीकृति लिएको नदेखिएकोले बचत रकम खर्च गर्न स्वीकृती समर्थन लिनु पर्दछ ।

३१.२ **कन्टेन्जेन्सी खर्च** - आयोजनाको कामसंग सम्बन्धित कार्यमा मात्र कन्टेन्जेन्सी खर्च लेखिनु पर्दछ । पालिकाले समपुरक अनुदान खर्च शिर्षकवाट कन्टेन्जेन्सी खर्च लेख्दा योजनासंग असम्बन्धित कार्य लालिगुराँसको फुल नटिप्ने, ब्रोसियर छपाई कार्यमा गंगा ईन्टरप्राईजेजलाई रु.२०,७००। भुक्तानी गरेकोल छ । मुसाङखेल- लम्वुखोला-सेपेनी डाँडागाउँ- मेन्द्रुक सडकसंग असम्बन्धित कार्यमा गरेको उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २०,७०० |

३२ **सुरक्षित नागरीक आवास**

सुरक्षित आवास कार्यान्वयन कार्यविधि २०७५, (संशोधन २०७७।१।८) को बुँदा ३ मा लक्षित वर्गको पहिचान गर्ने, बुँदा ४ मा लाभग्राही छनौटको आधार विधि र बुँदा ५ मा अनुदान सम्झौता र बित्तिय प्रवन्ध गर्नुपर्ने तथा बुंदा ६ मा झुठा विवरण पेश गरी अनुदान रकम लिएको पाईएमा वा जुन प्रयोजनको लागि अनुदान उपलव्ध गराइएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइए वा किस्ता बमोजिमको गर्नुपर्ने कार्यप्रगति अनुदान उपलव्ध गराइएको मितिले ३ महिना भित्र नगरेमा लाभग्राहीवाट अनुदान रकम स्थानीय तहले असूल उपर गर्ने व्यवस्था छ । सुरक्षित नागरीक आवास समन्वय समितिले लाभग्राही छनौट र सिफारिश गरेको नामावलीको आधारमा यसवर्ष ७८ जना लाभग्राहीसंग सम्झौता गरी पहिलो किस्ता उसपलव्ध गराएको मध्ये ६९ लाभग्राहीले सम्झौता अनुसार दोस्रो किस्ता भुक्तानी लगेको र निम्नानुसारका १९ लाभग्राहीले सम्झौता अनुसार कार्य सम्पन्न गरी दोस्रो किस्ता माग गरेको नदेखिएकोले कार्यसम्पन्न प्रतिवेदन पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| सि नं | लाभग्राहीको नाम | वडा नं | रकम |
|---|---|---|---|
| १ | लिल बहादुरलिम्बु | ५ | ४५००० |
| २ | दिलकुमार लिम्बु | ५ | ४५००० |
| ३ | भगवतीपौडेल | ३ | ४५००० |
| ४ | रुद्रकुमार लिम्बु | ५ | ४५००० |
| ५ | मनकुमारी लिम्बु | ५ | ४५००० |
| ६ | जितबहादुर लिम्बु | ५ | ४५००० |
| ७ | गंगालिम्बु | ५ | ४५००० |
| ८ | सक्तबहादुर राई | ४ | ४५००० |
| ९ | देविन्द्रथापा मगर | ७ | ४५००० |
| १० | टिकाराज तेयुङ लिम्बु | ४ | ४५००० |
| ११ | चक्रबहादुर खड्का | ३ | ४५००० |
| १२ | धिरेनलिम्बु | ५ | ४५००० |
| १३ | राजेन्द्रतामाङ | ६ | ४५००० |
| १४ | कुमारीलिम्बु | ६ | ४५००० |
| १५ | सुक माया लिम्बु | ६ | ४५००० |
| १६ | दिल बहादुर लिम्बु | ६ | ४५००० |
| १७ | उर्मीलाजिमी लिम्बु | ६ | ४५००० |
| १८ | टिकाराज संग्रौला | ६ | ४५००० |
| १९ | भक्त बहादुर संग्रौला | ६ | ४५००० |
| जम्मा | | | ८५५००० |

| प्रमाण पेश नगरेको | ८,५५,००० |
|---|---|

३३ **लगबुक**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल, भर्पाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । भौ.नं. र मिति ५-०८१।६।१३ बाट बिष्टबारी सडक स्तरोन्नति उ.स.संग मिति २०८१।३।१७ मा रु.५,९६,१८१।- को सम्झौता गरी कार्य सम्पन्न पश्चात रु.५,००,०००।- भुक्तानी गरेको छ । समितिले अर्थवर्क एस्काभेसनको कार्य गर्न पालिकाको डोजर प्रयोग गरी फ्युल समेत रु.११,६२१।- राजस्व तिरेको देखिन्छ । वर्थ वर्कको काम ३१२.५४ घनमिटर भएकोमा डोजर कति घण्टा चल्यो सोको लगबुक नराखेको, कति लिटर फ्यूल खरिद भएको हो र कति राजस्व तिर्नु पर्ने हो सो यकिन गर्न नसकिएकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,००,००० |
|---|---|

३४ **बढि भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायी नियमावली, २०७७ को नियम ३९.(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात सम्लग्न हुनु पर्ने नियम ३९.(१०) बमोजिम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आबश्यक बिल भरपाई र कागजात सम्लग्न भए वा नभएको तथा रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. र मिति १५२-०८२।३।२४ बाट वडा नं ९ स्थित भालु खोलामा पहिरो पन्छाउने कार्य गर्नका लागि जित सिता निर्माण सेवासंग सम्झौता गरी रु.५५,४१५।- भुक्तानी गरेको छ । काम सम्पन्न पश्चात वडाको सिफारिस र एस्काभेटरको मिटरको फोटो अनुसार ७.८ घण्टा एस्काभेटर प्रयोग भएको देखिन्छ । सडक विभागको नर्म्स बमोजिम १ घण्टामा ६० घनमिटर काम गर्नेमा ८१०.७६ घनमिटर काम ७.८ घण्टामा गरेको भनि रकम भुक्तानी गरेको देखिन्छ । ७.८ घण्टामा ४६८ घनमिटर काम गर्नेमा ३४२.७६ घनमिटरको रु.६८.९८ को दरले रु.२३,६१६।- बढि भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,६१६ |

३५ **प्रविधि अनुदान**

सशर्त अनुदान मार्गदर्शन २०८१।८२ को दफा ४.७ को बुंदा नं ६ मा प्रविधि हस्तान्तरणमा सम्बन्धित लाभग्राहीको तर्फबाट न्यूनतम २५ प्रतिशत लागत साझेदारीमा अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ । गो.भौ.नं. र मिति ८-०८२।२।२७ बाट सिंहदेवी चिया उत्पादक सहकारी संस्था लिमिटेडलाई ग्रिन टि फिक्सेसन र रिभलिङ्ग ड्रायर खरिद गरी रु.१९,९६,९२३।- अनुदान निकासा गरेको देखिन्छ । नाफामुलक संस्थालाई अनुदान दिंदा अनुदानबाट सेवाग्राहीलाई मूल्यमा प्राप्त हुने सहुलियत र नगरपालिकाको भूमिका यकिन गरेको पाइएन । पालिकाका प्रमुख प्रशासकिय अधिकृत सहितको टोलिबाट स्थलगत अनुगमन गरेकोमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन्:

१. वि.सं. २०५२ सालमा स्थापना भई संचालन भएकोमा १४७ शेयर सदस्य रहेका छन्,

२. चिया खेती क्षेत्रफल १२०० रोपनीमा रहेको,

३. सहकारीले कालो चिया(पत्ते अर्थोडक्स ५ ग्रेडसम्म), ग्रिन टि ४ ग्रेडसम्म, गोल्डेन टि १ ग्रेडसम्म र सिल्भर टि उत्पादन गर्ने गरेको देखियो ।

४. वार्षिक उत्पादन हरियो पत्ति ८०-८५ हजरा केजी र तयारी १५-२० हजार केजी रहेको देखियो ।

५. मूख्य समस्याहरु निम्नानुसार छन्

क) अर्गानिक सर्टिफिकेट र ब्रान्डिङ हुन नसकेको,

ख) बजारीकरण हुन नसकेको,

ग) उत्पादन लागत रु.७७४।-, र बिक्रि औषत रु.५५०।- रहेको ।




स्थलगत अनुगमन

३६ **आन्तरीक आय**

३६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५(२) मा राजश्व परामर्श समितिले राजश्व सम्बन्धी नीति तथा कानूनको तर्जुमा, संशोधन परिमार्जन सम्बन्धमा आवश्यक परामर्श दिने, स्रोत दायरा र दर समेको विश्लेषण गरी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्ने, राजश्व प्रशासन सुधारको लागि आवश्यक परामर्श दिने लगायतको कार्य गर्नुपर्ने व्यवस्था गरेको छ ।राजश्व परामर्श समितिले यसवर्ष शीर्षकगत आय अनुमान गरेको छैन । सुत्र प्रणाली अनुसार रु. २,४१,४८,८९९।- आय प्राप्त गर्ने अनुमान गरेकोमा

रु.१,४२,९३,४२१।- प्राप्त गरी लक्ष्यको तुलनामा ५९.१८ प्रतिशत मात्र आय प्राप्त गरेको देखिन्छ । राजश्वको आय अनुमान र प्राप्तिको विश्लेषण गर्दा वहाल विटौरी कर रु. १ लाख, अखेटोपहारमा लाग्ने कर रु. २ लाख शिक्षा क्षेत्रको आम्दानी रु. १ लाख, पार्किङ्ग शुल्क रु.३ लाख नक्सापास दस्तुर रु. ३ लाख रेडियो/एफ.एम.सञ्चालन दस्तुर रु. ५० हजार न्यायिक दण्ड, जरिवाना र जफत रु. ५० हजार, प्रशासनिक दण्ड, जरिवाना र जफत रु. ५० हजार, धरौटी सदरस्याहा रु. २ लाख, बीमा दावी प्राप्ति रु.१ लाख आय अनुमान गरेकोमा आय प्राप्तिनै नभएको पाईयो । राजश्व आयको प्रक्षेपण गर्दा शीर्षकगत आय प्रक्षेपण गर्ने र सभाले पनि सोही अनुसार आय अनुमान गर्नुपर्नेमा नगरेको तथा लक्ष्य अनुसार आय प्राप्त गर्न नसक्नुको कारण पत्ता लगाई आय बृद्धि गरिनु पर्दछ ।

३६.२ **प्राकृतिक श्रोतको आय** - ढुङ्गा, गिट्टि, वालुवा उत्खनन्, बिक्री व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण गरी स्वीकृत गराई ढुङ्गा, गिट्टी, वालुवा आदिको सङ्कलन, स्थानान्तरण तथा विक्री सम्बन्धी कार्य सम्बन्धित गाउँपालिकाले ठेक्का बन्दोबस्त वा अन्य उपयुक्त व्यवस्था गरी गर्न सक्नेछ । बिभिन्न स्थानबाट ढुङ्गा वालुवा उत्खनन भई उपभोक्ता समिति एवं निर्माणव्यवसायीले स्थानीय विक्रेतावाट ढुङ्गा, गिट्टी, वालुवा खरिद गरी निर्माण कार्यमा प्रयोग गर्ने गरेको देखिए पनि प्राकृतिक श्रोतको विक्रिवाट पालिकाले आय प्राप्त गरेको छैन । तसर्थ प्राकृतिक श्रोतको उत्खनन तथा विक्रिवाट पालिकाले आय प्राप्त गर्ने तर्फ ध्यान जानु पर्दछ ।

३६.३ **कार्यविधि नभएको** – पालिकावाट संचालन हुने अन्य यातायातका साधन तथा हेभी ईक्यूपमेन्टको संचालन सम्बन्धी कार्यविधि बनाई संचालन गर्ने र यसरी सञ्चालन गरिएका साधनहरुको आम्दानी खर्चको छुट्टै अभिलेख राखि लाभ लागत विश्लेषण गरिनु पर्दछ । नगरपालिका मातहत १ नगरवस, १ हेभी ईक्युपमेन्ट, २ कृषि एम्बुलेन्स लगायतका सवारी साधन रहेकोमा सञ्चालन सम्बन्धि कार्यविधि बनाएको देखिएन । सञ्चालन सम्बन्धी कार्यविधि वनाई उपलव्धी हुने हिसावले सञ्चालन गरिनु पर्दछ ।

३६.४ **नगर वस** - पालिकाले स्थानीयबासीलाई यातायात सुविधा पुर्याउने उद्देश्यले १ नगर वस संचालन गरेको छ । नगरबस सञ्चालन सम्बन्धमा आम्दानी खर्चको छुट्टै अभिलेख राखेको छैन । लेखापरीक्षणमा नगर वसको लागि यस वर्ष ईन्धन खर्च रु १७३४४३१। मर्मत खर्च रु १९७५२०३। तथा तलव खर्च रु ५०७६००। समेत रु ४२१७२३४। खर्च भएको र नगरवसले वर्षभरिमा रु १६३४२३५। आम्दानी गरेको विवरण पेश भएको छ । खर्चको तुलनामा घटी आम्दानी हुनुको कारण र समस्या पहिचान गरी विश्लेषण गरेको छैन । नगरवस संचालन सम्वन्धि कार्यविधि बनाई मितव्ययी तथा प्रभावकारी रुपमा नगर वस संचालन गर्ने तथा आन्तरीक नियन्त्रण प्रणाली वनाई आम्दानी चुहावट हुन नदिने तर्फ ध्यान दिनुपर्दछ ।

## ३७ स्वायत्त संस्थालई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४(१) अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीय स्तरमा आवधिक, वार्षिक, रणनितिक योजना वनाई लागू गर्नुपर्ने व्यवस्था छ। ऐनको दफा ११ मा गाउँपालिका तथा नगरपालिकाको अधिकार क्षेत्रको बारेमा उल्लेख छ।स्थानीय तहले स्वीकृत बजेटवाट स्वायत्त संस्थाहरुलाई सञ्चालन खर्च अनुदान उपलब्ध गराउन मिल्ने आधार देखिदैन।विगतदेखि बसन्त बहुमुखि क्याम्पसलाई सञ्चालन अनुदान वापत रु.५,००,०००। नीति तथा कार्यक्रममा समावेश गरी निकासा दिएको देखियो।उच्च शिक्षामा अनुदान वितरण गर्न कार्यविधि तयार गरेको पाईएन। साथै क्याम्पसले आफ्नो लेखापरीक्षण प्रतिवेदन पेश गरी प्राप्त अनुदानको सदुपयोग भएको प्रमाण पेश भएको देखिएन। आफ्नो अधिकार क्षेत्र भन्दा बाहिरका स्वायत्त नियकालाई अनुदान भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

## ३८ बढी निकासा

शिक्षा तथा मानब स्रोत विकास केन्द्रवाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका, २०८१।८२ को बुँदा नं २.८.३. मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानको व्यवस्था रहेकोमा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि कक्षा १२ सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक वितरण गर्दा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई

स्थानीय तहले यथार्थ तथ्याङ्क सँग सत्यापन गरी सोका आधारमा आवश्यक कक्षागत पुस्तक तथा विषयगत पाठ्यपुस्तकको सङ्ख्या यकिन गरी अनुदान रकम दिनुपर्ने व्यवस्था रहेको पालिकाले पञ्चकन्या आ.वि.सोल्मालाई पाठ्यपुस्तक अनुदान रु.९४२६ निकासा गरेकोमा विद्यालयले रु.६४५६ को मात्र खरिद विल पेश गरेको हुँदा बढी निकासा भएको रु.२९७० विद्यालयवाट असूल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९७० |

३९ **वडा कार्यालय खर्च** -

आर्थिक कार्यविधि तथा वितीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारीले बाहेक अरु कसैले पनि बजेट खर्च गर्न आदेश दिन वा खर्च स्वीकृत गर्न नमिल्ने व्यवस्था छ । सभाले वडागत रुपमा कार्यालय लगायत अन्य शिर्षकमा बजेट विनियोजन गरेपनि खर्च गर्ने अख्तियारी दिएको छैन । कार्यालयको अख्तियारी बेगर वडाले कार्यालयको लागि विनियोजित बजेटबाट आफैले माग फारम भरी स्वीकृत गरी खरिद गरेको सामान वडामै दाखिला गरेको जनाई कार्यालयले रु. ९,००,०००। खर्च लेखेको देखियो । यसरी खर्च गर्दा खर्चमा नियन्त्रण नहनुका साथै खरिद भएका सामान PAMS मा प्रविष्ठी नभई एकीकृत सम्पत्ति विवरण तयार नहनुका साथै खर्चमा मितव्ययिता भएको छैन । खर्च गर्ने अख्तयारी बेगर वडाले खरिद गर्ने कार्यमा नियन्त्रण हनुपर्दछ ।

४० **तलबी प्रतिवेदन:**

निजामती सेवा ऐन,२०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. १८० मिति २०७६।५।१८ को परिपत्रको बुँदा नं ४ मा स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु र पालिका चालु शिर्षक मार्फत पारिश्रमिक भुक्तानी हुने ३४ जना कर्मचारीको रु.१,५४,२५,६१८। खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी पारिश्रमिक भुक्तानी गर्दा पाउनु पर्ने भन्दा बढी तलब भत्ता भुक्तानी हुन सक्ने तथा लेखापरीणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मा तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

४१ **भ्रमण खर्च**-

भ्रमण खर्च नियमावली,२०६४ को नियम ३ मा भ्रमण आदेश वेगर भ्रमण खर्च लेख्न नहुने, नियम ४ मा भ्रमण किफायती हुनुपर्ने, नियम १८ मा भ्रमणमा खटिने पदाधकारी वा दैनिक भ्रमण खर्चको बील सहित भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने, नियम २१ मा भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष भ्रमण खर्च वापत रु. १८,७७,५५४।- खर्च लेखेको खर्चको फाँटवारीवाट देखिन्छ । पालिकाले भुक्तानी गरेको केही भ्रमण खर्च भुक्तानीको परीक्षण गर्दा भ्रमण अभिलेख अद्यावधिक नराखेको, भ्रमण आदेशमा भ्रमणको स्पष्ट उदेश्य नखुलेको, कतिपय कर्मचारीलाई मासिक रुपमा भ्रमण आदेश दिएको, भ्रमणको दुरी स्पष्ट नगरी भ्रमण खर्च लेखेको, पालिका भित्र भ्रमण गरेकोमा पनि भ्रमण खर्च लेखेको, भ्रमण प्रतिवेदन वेगर भ्रमण खर्च भुक्तानी दिएकोले उद्वेश्यमूलक कार्यकोलागि मितव्ययी तवरले भ्रमण खर्च लेखेको आश्वस्त हुन सकिएन । प्राप्त सिमित श्रोतको समुचित प्रयोग गर्ने अत्यावश्यक काम नभई भ्रमण आदेश नदिने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

४२ **पुस्तक खरिद:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको आधारमा परिक्षण गर्दा निम्नानुसार कार्यालयको लागि असम्बन्धित पुस्तकहरु खरिद गरी भुक्तानी गरेको देखियो। सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी निर्देशिका २०७९ विपरित यस्तो खर्च लेख्न मिल्ने नदेखिएको रु.

| गो.भौ./मिति | पुस्तक | थान | मूल्य | जम्मा खर्च |
|---|---|---|---|---|
| ४५७-२०८२।०३।१९ | कृषि पर्यटन अभियानमा १५ बर्ष | ५० | ८००।- | ४०,०००।- |
| | संसारमा समाजवाद | १५ | १,०००।- | १५,०००।- |
| ४१५-२०८२।०३।१९ | नेपाल मण्डल | २० | ९५०।- | ९५०।- |
| ४०३-२०८२।०३।०६ | जडीबुटी विज्ञान भाग ५ | ३ | १,५००।- | ४,५००।- |
| जम्मा | | | | ६०,४५०।- |

| | |
|---|---|
| अनियमित भएको | ६०,४५० |

४३ **पदाधिकारीको अनुगमन भत्ताः**

कोशी प्रदेश गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा नगरपालिका प्रमुखले मासिक रु.११,०००।– उपप्रमुखले रु.११,०००।- वडा अध्यक्षले रु.४,५००।- र कार्यपालिका सदस्यले रु.२,०००।- का दरले मासिक अनुगमन भत्ता पाउने व्यवस्था छ। अनुसूचिको द्रष्टव्यमा पालिकाका पदाधिकारीले मासिक रुपमा अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नु पर्ने व्यवस्था छ । पदाधकारीको मासिक सुविधा भुक्तानी गर्दा अनुगमन प्रतिवेदन संलग्न नगरी अनुगमन भत्ता भुक्तानी दिएको पाईयो। लेखापरीक्षकले औल्याएपछि अनुगमन प्रतिवेदन तयार गरी पेश गरेको छ । अनुगमनकर्ताले मासिक तथा बार्षिक प्रतिवेदन बनाई समयमै पेश गर्नुपर्दछ ।

| पद | संख्या | मासिक अनुगमन भत्ता दर | जम्मा महिना | जम्मा भुक्तानी रू. |
|---|---|---|---|---|
| नगरपालिका प्रमुख | १ | ११,०००।- | १२ | १,३२,०००।- |
| उप प्रमुख | १ | ११,०००।- | १२ | १,३२,०००।- |
| वडाअध्यक्ष | ६ | ४,५००।- | १२ | ३,२४,०००।- |
| का.पा.सदस्य | ६ | २,०००।- | १२ | १,४४,०००।- |
| जम्मा ७,३२,०००।- | | | | |

४४ **बिबिध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । आर्थिक सहयोग, खाना, खाजा, मसलन्द तथा पत्रपत्रिका लगायत विषयमा विविध खर्च शिर्षकवाट रु.२४,८६,८१२।- खर्च लेखेको पाइयो । आन्तरिक आयको तुलनामा विविध खर्चको प्रतिशत १७.४० रहेको छ । पेश गरेको पालिका र वडातर्फको ३ वर्षको विविध खर्चको स्थिति निम्नानुसार छ ।

| **आर्थिक वर्ष** | **रकम** |
|---|---|
| २०७९।८० | २८१९७०८ |
| २०८०।८१ | २६६९६४० |
| २०८१।८२ | २४८६८१२ |

४५ **ईन्धन खर्च**

सवारी साधन प्रयोग भए अनुसार मिति, स्थान, गुडेको कि.मि., ईन्धन खपत भएको परिमाण समेत उल्लेख गरी सवारी चढ्ने पदाधिकारीको दस्तखत समेत गराई म.ले.प.फा.नं. ९०५ को ढाँचामा सवारी लगवुक राख्नुपर्ने व्यवस्था रहेको छ। म.ले.प.फा.नं. ९०५ को ढाँचामा सवारी लगवुक अद्यावधिक रुपमा राखेको छैन । प्राप्त बिबरण अनुसार पालिका र वडातर्फको ३ आर्थिक वर्षको ईन्धन खर्चको अबस्था देहायवमोजिम छः

| आर्थिक वर्ष | ईन्धन खर्च रु. |
|---|---|
| २०७९।८० | ७११५३७८ |
| २०८०।८१ | ५३०१०९४ |
| २०८१।८२ | ६८४३५२० |

प्राप्त विवरण अनुसार एम्वुलेन्स २, ट्याक्टर २ नगरवस १ पालिका प्रमुख चढने १ हेभी ईक्युपमेन्ट २ कृषि एम्बुलेन्स १ सहित ११ र १४ वटा मोटरसाईकल संचालनमा रहेको छ । पालिकासंग रहेको १९ मोटरसाईकल मध्ये ५ र पिकअप भ्यान २ चालु हालतमा नरहेको पाईयो । वार्षिक बजेटको विश्लेषण गर्दा पालिका तथा वडागत रुपमा ईन्धनको लागि रकम छुट्टयाईएको छ । वडा नं १ र ८ मा मोटरसाईकल नरहेको अवस्थामा समेत विनियोजित बजेट पुरै खर्च गरेको पाईयो । त्यस्तै ३ बर्षको ईन्धन खर्चको अवस्था हेर्दा प्रत्येक वर्ष खर्च बढदो रुपमा रहेको छ। ईन्धन खर्चमा मितव्ययीता कायम गरेको नदेखिएकोले यसमा सुधार हुनुपर्दछ ।

४६ **सवारी साधन मर्मत**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य नियमित, मितव्ययी, प्रभावकारी र दक्षतापुर्ण ढंगवाट सम्पादन गर्नु पर्ने व्यवस्था छ । कार्यालयवाट प्राप्त अभिलेख अनुसार २ चार पाङ्ग्रे गाडी तथा १८ वटा दुई पाङ्ग्रे सवारी साधन समेतको मर्मत खर्च भुक्तानी गर्दा म.ले.प.फा.नं. ४१५ तयार नगरी यस वर्ष रु.६६,३८,५६६।- खर्च लेखेको छ । आन्तरिक आयको तुलनामा सवारी साधन खर्चको प्रतिशत ४६.७० रहेको छ । नियमको पालना तर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । पालिकाले पेश गरेको विवरण अनुसार पालिका र वडातर्फको ३ आर्थिक वर्षको मर्मत खर्चको स्थिति निम्नानुसार छ ।

| आर्थिक वर्ष | रकम |
|---|---|
| २०७९।८० | ६६२२३७५ |
| २०८०।८१ | ६३२७९६१ |
| २०८१।८२ | ६६३८५६६ |

पालिकाको सवारी साधनहरुको सालवसाली रुपमा मर्मत खर्च उल्लेख्य रुपमा बढी देखिएकोले अस्वाभाविक मर्मत खर्चलाई नियन्त्रण गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।

४७ **विज्ञापन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को ७३(६) दफा मा प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्यीता, कार्यदक्षता, प्रभाबकारिता र औचित्य समेतको विचार गरी आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। कार्यालयले दिएको वितरण अनुसर यसवर्ष निर्माण तथा खरिद कार्यको सूचना प्रकासन वापत रु.९,२५,४७०। खर्च लेखेको पाईयो। नमुना छनौटको आधारमा मूल्यॉङ्कन गर्दा निम्नानुसारको प्रकाशित सूचना ठूलो साईज र अक्षरको प्रयोग गरी बढी सिसिको सूचना प्रकाशन गरेको तथा एउटै पत्रिकामा एकै दिन सूचना प्रकाशन गर्न सकिनेमा बढि व्ययभार परेको रकम नियमित हुनुपर्ने रु.

| गो. भौ . नं . र मिति | सूचनाको प्रकार | पत्रिका र मिति | साईज | भुक्तानी पाउने | भुक्तानी रकम( २५ %) छुट |
|---|---|---|---|---|---|
| ५०७- २०८२।०३।२४ | बोलपत्र आव्हान | प्रभाव दैनिक २०८२- ०१ - ०८ | १२५ | Rosey Advertising Agency | १४८३१२.५ |
| ५०२- २०८२।०३।२४ | बोलपत्र आव्हान | सौर्य दैनिक २०८१- माघ ११ | १२५ | नवयुग मिडिया | १४८३१२.५०२ |
| ४७४- २०८२।०३।२० | बोलपत्र आव्हान | सौर्य दैनिक २०८१- पुस २४ | १३० | YUG PUBLICATION | १५४२४५ |
| २८२- २०८१।१२।३१ | बोलपत्र आव्हान | सौर्य दैनिक २०८१- मंसिर १ | १३० | YUG PUBLICATION | १५४२४५ |
| २८२- २०८१।१२।३१ | औषधिको वोलपत्र | सौर्य दैनिक २०८१- पुष ११ | १४० | YUG PUBLICATION | १६६११० |
| ११४- २०८२।०३।०५ | बोलपत्र आव्हान | सौर्य दैनिक २०८१- पुस २४ | १३० | YUG PUBLICATION | १५४२४५ |
| | | | | | ९२५४७०. |

| | |
|---|---|
| अनियमित भएको | ९,२५,४७० |

## ४८ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउने एवं सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ अनुसार यो कार्यक्रम सञ्चालनमा रहेको छ । यस पालिकाको ९ वडामा यो वर्ष १८ योजना सञ्चालन गरी ६९ जनालाई औसत १०० दिनले ६९०० दिन रोजगारी उपलव्ध गराई रु.४६,०९,०००। श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

## ४९ चिकित्सकलाई प्रोत्साहन:

वसन्तपुर अस्पताल संचालन तथा व्यवस्थापन नियमावली, २०८० को नियम १५ मा अस्पतालको स्वीकृत दरवन्दीभित्रका मेडिकल अधिकृतलाई करार सम्झौतामा उल्लेख गरी प्रति महिना मासिक बिस हजार रुपैयाँदेखि अधिकतम चालिस हजार रुपैयाँसम्म प्रोत्साहन भत्ता स्वरुप दिन सक्ने व्यवस्था गरेको छ। सोहि बमोजिम अस्पताल व्यवस्थापन समितिको मिति 2०८०।१२।१६ को बैठकको निर्णय नं १० मा मेडिकल अधिकृतले युएसजि सेवा उपलब्ध गराए वापत प्राप्त हुने शुल्कको चालिस प्रतिशत रकम सेवा उपलब्ध गराउने चिकित्सकलाई प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय भएको छ । सोहि बमोजिम पालिकाले डा. ओम प्रकाश यादवलाई मासिक युएसजि वापत उठेको शुल्कको चालिस प्रतिशत रु.२,८९,४४७।- भुक्तानी गरेको छ । अस्पतालमा कार्यालय समयमा काम गर्दा तलब भत्ता भुक्तानी हुने भएकोले ओभरटाइमको व्यवस्था गरी निश्चित मापदण्ड बनाई रकम भुक्तानी गर्नुपर्दछ ।

## ५० घटी कर

आयकर ऐन, २०५८ को दफा ६५ को उपदफा (१) को खण्ड (ख) बमोजिम नेपाल सरकारको सेवाबाट कामदार वा कर्मचारीको अवकाश हुँदा गरिने उपदान, बिदा बापतको रकम लगायतका अवकाश भुक्तानीका साथै स्वीकृत अवकाश कोषबाट योगदानमा आधारित भुक्तानी गर्दा भुक्तानी रकमको ५० प्रतिशत वा रु.५ लाखमध्ये जुन बढी हुन्छ सो रकम घटाई बाँकी हुन आउने लाभमा ५ प्रतिशतका दरले अग्रिम कर कट्टा गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले २०६७।६।१० मा स्थायी नियुक्ती दिई उमेर हदका कारण सेवा निवृत भएका सहायक पाँचौ दिलिप कुमार लिम्बुलाई रु.१७,४४,१४६। अवकाश भुक्तानी दिंदा ५ लाख भन्दा बढी हुने रु.८,७२,०७३। घटाई वाँकी रहने रु.८,७२,०७३। मा पाँच प्रतिशतले हुने रु.४३,६०४। कटाउनु पर्नेमा रु.३२,६०४। मात्र कट्टी गरी भुक्तानी गरेकोले कम कट्टी गरेको रु.११,०४२। असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,०४२ |

## ५१ औषधि खरिद

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ मा २५ लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित सामग्रीको त्यस्तो उत्पादकले राष्ट्रियस्तरको सामाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्रि मूल्यमा सोझै खरिद गर्न सक्ने व्यवस्था गरेको छ।पालिकाले यस वर्ष संघीय सरकार सशर्त बजेट शिर्षकवाट रु.१५,६१,०००। र पालिका चालु शिर्षकबाट रु.५,११,२८६।९० समेत रु.२०,७२,२८६।९० को लागत अनुमान बनाई बोलपत्र आव्हान गरेकोमा सबैभन्दा घटी मूल्य प्रस्ताब पेश गर्ने सप्लायर्स (५२।४४ प्रतिशत कम) गितास्विनी प्रोमेड प्रा.लि.लाई छनौट गरी खरिद सम्झौता भएको देखियो।औषधि सप्लायर्सले सम्झौता बमोजिम विभिन्न ५ प्रकारका औषधि उपलब्ध गराउन नसकेको र पालिकाको दवाव पछि अन्त्यमा ३ किसिमको औषधि उपलब्ध गराउन नसकेको र सप्लायर्सले उक्त औषधि हाल उत्पादन नहुने लिखित जवाफ समेत पठाएको देखियो।पालिकाले औषधिको प्राप्त हुन नसक्ने अवस्था पछि उक्त औषधिको लागत अनुमान वरावरको मूल्य रु.३७१५।५० घटाई जम्मा रु.९,७४,७५२।८५ मा कर कट्टी गरी भुक्तानी गरेको देखियो। यसरी सप्लायर्सले सम्झौता बमोजिम औषधि उपल्बध गराउन नसक्दा पालिकाको सेवा प्रवाहमा समेत असर परेको देखियो।पालिकाले सेवाप्रवाहलाई नियमित र सुनिस्चित वनाउन तथा प्राप्त औषधिको उचित भण्डारण व्यवस्था मिलाई औषधि खेर जान नदिने तर्फ ध्यान दिनुपर्दछ ।

## ५२ सामाजिक सुरक्षा

५२.१ सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष ७ किसिमका सामाजिक सुरक्षा भता वापत प्रथम त्रैमासिकमा १७९३ जनालाई रु.१,८१,९७,५१८। दोस्रो त्रैमासिकमा १८०३ जनालाई रु.१,८३,५७,६२२। तेस्रो त्रैमासिकमा १८३५ जनालाई रु.१,८५,०३,४७३। र चौथो त्रैमासिकमा १८४७ जनालाई रु १,८८,९०,५४७। समेत यसवर्ष कूल रु.७,३९,४९,१६०। भत्ता विभिन्न ३ बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ। लेखापरीक्षणमा गत विगतमा लाभग्राहीको बैंक खाता परिवर्तन तथा मृत्यु भई बैंक खातामा मौज्दात रहेको रु. ६९,९०२।७२। मिति २०८२।३।२५ मा वेरुजु खातामा दाखिला गरेको प्रमाण पेश भएको छ ।

५२.२ कार्यविधीको बुँदा नं. १० मा लाभग्राहीको अद्यावधिक अभिलेख राख्ने, बुँदा ११ मा लगत कट्टा गर्ने, बुँदा २७ मा प्रत्येक पालिकाले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन तथा निरीक्षण अध्यक्ष वा स्थानीय तहका प्रशासकिय अधिकृतले गर्ने, बुँदा ३३(१) मा लाभग्राहीको सूची स्थानीय वडा कार्यालय लगायतको सार्वजनिक स्थलमा प्रकाशन गर्नुपर्ने, बुँदा ३४ मा सार्वजनिक सनुवाई गर्नुपर्ने लगायतको व्यवस्था छ । री सोही अनुरुप अनुगमन मुल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नु पर्दछ। कार्यविधिले तोके अनुसार अनुगमन मुल्याँकन गरी प्रतिवेदन नदिएको, तथा सार्वजनिक स्थलमा सूचना प्रकाशन नगरेको पाईदा कार्यविधीको पालनामा ध्यान पुर्याउनुपर्दछ ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : लालीगुराँस नगरपालिका, तेह्रथुम , लालीगुराँस नगरपालिका , तेह्रथुम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सन्तोष घिमिरे | २०८०-५-२४ | २०८२-०७-२३ |
| लेखा प्रमुख | सविना . श्रेष्ठ | २०८०-३-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,१८३,२८७ | २,९७६,९८४ | ६,०३३,८१४.५५ | ० | ० | १,५६०,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ११,७५४,०८५.५५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ११,७५४,०८५.५५ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ४९४२८७२८.२४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०८३९१९०४.५९ | चालु खर्च | ३०४२५२३१३.१ |
| प्रदेश सरकारबाट अनुदान | २९५६७३०७ | पूँजीगत खर्च | १२७५५९२०४.३९ |
| राजश्व बाँडफाँट | ७३२४७४५३.४६ | वित्तीय/अन्य व्यवस्था | ११६०२८९०६.३४ |
| आन्तरिक आय | १४३१४९२१.५ | | |
| अन्य आय | १२३०६३०५६.१७ | | |
| कुल आय | ५४८५८४६४२.७२ | कुल खर्च | ५४७८४०४२३.८३ |
| बाँकी मौज्दात | | ५०१७२९४७.१३ | |

## अनुसूची - २

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| लालीगुराँस नगरपालिका, तेह्रथुम | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ७,५६,०८,४१३.०५ | ० | ७,५६,०८,४१३.०५ | ६,७७,४४,२७३.५४ | ० | ६,७७,४४,२७३.५४ |
| १३००० | अनुदान | | ३३,७९,५९,२११.५९ | ० | ३३,७९,५९,२११.५९ | ३४,३५,४३,८०७.५९ | ० | ३४,३५,४३,८०७.५९ |
| १४००० | अन्य राजस्व | | १,१९,२७,६६५.९१ | ० | १,१९,२७,६६५.९१ | १,१४,४६,६८१.३३ | ० | १,१४,४६,६८१.३३ |
| १५००० | विविध प्राप्ति | | ६,२९६.०० | ० | ६,२९६.०० | १,९८,३१४.८० | ० | १,९८,३१४.८० |
| क | कुल जम्मा प्राप्ति | | ४२,५५,०१,५८६.५५ | | ४२,५५,०१,५८६.५५ | ४२,२९,३३,०७७.२६ | | ४२,२९,३३,०७७.२६ |
| ३ | चालु | | ३०,४२,५२,३१३.१० | ० | ३०,४२,५२,३१३.१० | २७,९४,७७,०४३.४२ | ० | २७,९४,७७,०४३.४२ |
| २१००० | पारिश्रमिक / सुविधा | | १२,७९,२५,५२३.७० | ० | १२,७९,२५,५२३.७० | ४,९३,७१,५१७.५४ | ० | ४,९३,७१,५१७.५४ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७,७६,८१,८०६.२० | ० | ७,७६,८१,८०६.२० | ६,७४,२०,२८२.४९ | ० | ६,७४,२०,२८२.४९ |
| २५००० | सहायता (Subsidy) | | १३,५९,९५०.०० | ० | १३,५९,९५०.०० | १५,६०,५९,९८६.०० | ० | १५,६०,५९,९८६.०० |
| २६००० | अनुदान | | ९,२९,६१,८१६.२० | ० | ९,२९,६१,८१६.२० | २३,०३,०००.०० | ० | २३,०३,०००.०० |
| २७००० | सामाजिक सुरक्षा | | ३१,९७,२१७.०० | ० | ३१,९७,२१७.०० | ३४,५२,६५७.३९ | ० | ३४,५२,६५७.३९ |
| २८००० | अन्य खर्च | | ११,२६,०००.०० | ० | ११,२६,०००.०० | ८,६९,६००.०० | ० | ८,६९,६००.०० |
| ४ | पूंजीगत | | १२,७५,५९,२०४.३९ | ० | १२,७५,५९,२०४.३९ | १३,५३,४२,७५३.७२ | ० | १३,५३,४२,७५३.७२ |
| ३१११० | भवन तथा संरचना | | २,२४,३६,८५३.०० | ० | २,२४,३६,८५३.०० | १,७९,७७,७६४.०० | ० | १,७९,७७,७६४.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, | | ७०,६६,६३१.०० | ० | ७०,६६,६३१.०० | ३५,५८,६७९.०० | ० | ३५,५८,६७९.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | फर्निचर्स तथा फिक्चर्स | | | | | | | |
| ३११३० | अन्य पूँजीगत खर्च | | १५,०८,३३३.०० | ० | १५,०८,३३३.०० | ६५,०६,४३७.५० | ० | ६५,०६,४३७.५० |
| ३११५० | सार्वजनिक निर्माण | | ९,१५,२८,२०३.३९ | ० | ९,१५,२८,२०३.३९ | १०,१५,२६,२८४.२२ | ० | १०,१५,२६,२८४.२२ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | १,००,०००.०० | ० | १,००,०००.०० | २२,४६,९०४.०० | ० | २२,४६,९०४.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | ४४,६८,५८४.०० | ० | ४४,६८,५८४.०० | ३५,२६,६८५.०० | ० | ३५,२६,६८५.०० |
| ३१३१० | बहुमूल्य सामानहरु | | ४,५०,६००.०० | ० | ४,५०,६००.०० | ० | ० | ० |
| ख) | कुल जम्मा भुक्तानी | | ४३,१८,११,५१७.४९ | | ४३,१८,११,५१७.४९ | ४१,४८,१९,७९७.१४ | | ४१,४८,१९,७९७.१४ |
| ग) | बचत /कमी (ग = क-ख ) | | (६३,०९,९३०.९४) | | (६३,०९,९३०.९४) | ८१,१३,२८०.१२ | | ८१,१३,२८०.१२ |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | ७०,५६,७८३.८३ | | ७०,५६,७८३.८३ | ४४,०२,१२०.९८ | | ४४,०२,१२०.९८ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -१३,२७७.२२ | | -१३,२७७.२२ | -१,५००.०० | | -१,५००.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | ७,४६,८५२.८९ | | ७,४६,८५२.८९ | १,२५,१५,४०१.१० | | १,२५,१५,४०१.१० |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ४,९४,२८,७२८.२४ | | ४,९४,२८,७२८.२४ | ३,६९,११,८२७.१४ | | ३,६९,११,८२७.१४ |
| छ) | विनिमय नाफा/ | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ५,०१,७५,५८१.१३ | | ५,०१,७५,५८१.१३ | ४,९४,२७,२२८.२४ | | ४,९४,२७,२२८.२४ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- कृषि पशुसेवा अनुदान तथा आर्थिक सहायता लगाएतका खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।
- वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित विषयहरुलाई प्राथमिकतामा राखेर बजेटमा समावेश गरी कार्यान्वयन गरिनुपर्दछ र कार्यान्वयन गर्न सकिने योजना तथा कार्यक्रमहरुमा मात्र बजेट विनियोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
- पालिकाले योजनाको प्राथमिकिकरण गर्दा प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वयन गर्नुपर्दछ।
- पालिकाले वार्षिक योजनासंग आवधिक योजनाको तादाम्यता हुनेगरी बजेट तथा कार्यक्रम तय गर्नुपर्दछ।
- राजश्व सुधार योजना कार्यन्वयनमा ल्याई राजश्व वृद्धितर्फ पालिकाले ध्यान दिनुपर्दछ ।
- प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।
- ऐन तथा नियमावलीमा भएको व्यवस्थाको परीपालना गरी आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।
- सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने गरी खरिद गर्ने व्यवस्था मिलाउनु पर्दछ।
- पालिकाले संभाव्यता अध्ययन तथा डिपिआर प्रतिवेदन खरिद गर्दा ती आयोजना एव कार्यक्रमको लागि वजेट व्यवस्था गरेर कार्यान्वयनमा जाने विषयमा समेत कार्यक्रमले ध्यान पुऱ्याएको छैन। प्रत्येक वर्ष अध्ययन गर्दै जाने, प्रतिवेदनको गुणस्तर र कार्यान्वयनको सुनिश्चितता पनि नगरिएको अवस्थामा सुधार एवं नियन्त्रण गर्न यस्ता खर्चका सम्बन्धमा ध्यान पुर्याउनु पर्दछ ।
- पालिकाको यन्त्रहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्ने र यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।
- पालिकाको सम्पतिको उचित संरक्षण तथा व्यवस्थापन गर्नुपर्दछ ।
- पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।
- संचालन निर्देशिका, मापदण्ड, नियमावली, नर्म्स बमोजिम कार्यक्रम संचालन गर्नुपर्दछ।